## एसइईको नतिजा आयो

काठमाडौं । माध्यमिक शिक्षा परीक्षा (एसईई) तहको नतिजा प्रकाशन भएको छ । संघीय संरचना अनुसार गरिएको परीक्षामा कुल चार लाख ७५ हजार तीन जना विद्यार्थी सहभागि भएका थिए । जसमा छात्रातर्फ दुई लाख ३८ हजार पाँच सय ५८ र छात्रतर्फ दुई लाख ३६ हजार चार सय ४५ परीक्षार्थी सहभागि थिए ।

२०७५ चैत्र १० गतेबाट परीक्षा सुरु भएको थियो । देशभर कुल परीक्षा केन्द्र १९६९ तोकिएको थियो । प्रदेश नं १ बाट - ८३ हजार ६ सय १८, प्रदेश नं २ बाट - ७० हजार ५ **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

## भारत जाने मजदुर बढे

काठमाडौं । भारत सरकारले कालापानी जाने सडक निर्माणलाई महत्व दिँदै काम गरिरहेको छ । हेलिकोप्टरमार्फत सामान ढुवानी गरेर सडक निर्माणमा तीव्रता दिएको छ । उक्त क्षेत्रका सडकमा काम गर्ने पनि ९० प्रतिशत मजदुर नेपाली छन् । दार्चुला र बाहिरबाट यो क्षेत्रमा सडक निर्माण गर्ने मजदुर कार्यरत छन् । ठाउँ ठाउँमा सडक खन्ने काम भइरहेको छ । विस्फोटक पदार्थ विस्फोटन गराउनेदेखि हेभी उपकरण चलाउनेसम्मका काममा नेपाली मजदुर छन् ।

यस्तै, यो क्षेत्रमा सौका समुदायका खच्चड चलाउने पनि **बाँकी ८ पेजमा**

वर्ष ८ अंक ११, २०७६ साल असार १३ गते शुक्रबार, नेपाल संवत् ११३९ (June 28, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

# सरकार चौतर्फी घेराबन्दीमा

काठमाडौं । 'मर्निङ सोज द डे' भनेझैं केपी ओली नेतृत्वको कम्युनिस्ट ब्रान्डको सरकारको १६ महिने कार्यशैलीले 'समृद्ध नेपाल सुखी नेपाली' को लक्ष्यको लय नै समाउन नसकेको देखिएको छ । नेपालको संविधानले समानुपातिक, समावेशी राजनीति, समानतामा आधारित समाज र समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ । देशलाई दलाल पुँजीवादबाट मुक्त गर्ने र न्याय र समानताका आधारमा समाजवाद ल्याउने कम्युनिस्ट पार्टीको उद्देश्य रहन्छ । तर ओली सरकारले अर्थतन्त्रका तन्तुहरुमा दलाल, पुँजीवादकै नाइकेहरुलाई हालीमुहाली गर्ने मार्ग प्रशस्त गरिरहेको छ । ओली सरकार हुँदा खानेहरुको नभएर हुने खानेहरुकै विगतका सरकारभन्दा कुनै अर्थमा पनि फरक देखिएको छैन । कम्युनिस्टका नाममा तत्कालीन एमाले र माओवादी केन्द्रलाई जनताले मत दिए । बहुमतमा पुऱ्याए र सरकार चलाउने म्यान्डेट दिए । तर अहिले नेकपाको दुईतिहाई बहुमतको बलशाली सरकार जनआक्रोशको निशाना बन्दै गएको छ । लोकतन्त्रको किस्ती बोकेर निर्देशित र निरंकुश शासनको अभ्यासमा अनेकौं विवादित विधेयकहरु लिएर सरकार आउन थालेपछि त्यसको प्रतिरोधमा जनता सडकमै उत्रन बाध्य भएका छन् ।

लोकतन्त्र वा प्रजातन्त्रको आधारभूत वस्तु शक्तिपृथकीकरणको सिद्धान्तलाई नै सरकारले बलात्कार गरिरहेको छ । फ्रान्सेली दार्शनिक मन्टेस्क्युले प्रतिपादन गरेको यस सिद्धान्त अनुसार व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका क्रमशः कानुन बनाउने, कानुनको कार्यान्वयन गर्ने, कार्यान्वयनको अनुगमन गर्ने प्रजातान्त्रिक पद्धतिलाई नै सर्वस्वीकार्य रुपमा (कम्युनिस्ट शासन भएका पााच मुलुकबाहेक)विश्वले शासन सञ्चालनको माध्यम बनाउँदै आएको छ । आवधिक निर्वाचनमा पार्टीहरु जनकसिमा जाँचिन्छन् । जनताले ब्यालेट पेपरद्वारा जसलाई बहुमत दिएर फस्ट बनाउँछन् उसले सत्ताको कमान्ड सम्हाल्ने अधिकार संविधानले प्रदत्त गरेको हुन्छ । सत्ता बाहिर रहने दल प्रतिपक्षका रुपमा 'वाच डग' को भूमिकामा रहन्छ । मुख्य प्रतिपक्ष दलका नेतालाई 'वेटिङ प्राइम मिनिस्टर' का रुपमा लिइन्छ । सरकारका गलत काम कारबाहीको खबरदारी गर्दै



उसलाई लोकतन्त्रको ट्र्याकमा हिँडाउने प्रतिपक्ष दलको उद्देश्य हुन्छ । तर मुख्य प्रतिपक्षको भूमिकामा रहेको नेपाली कांग्रेस आफैं आन्तरिक व्यवस्थापनमै जेलिइरहेको छ । जसको प्रत्यक्ष फाइदा सत्ता पक्षले उठाइरहेको छ र एकपछि अर्को गर्दै विवादित विधेयकहरु संसदमा तेर्साएर वितण्डा मच्चाइरहेको छ । व्यवस्थापिका संसद निरीह छ । कानुन बनाउने आफ्नो अधिकारबाट सांसदहरुलाई वञ्चित पारिएको छ । कर्मचारीले विधेयक बनाउँछन् सम्बन्धित मन्त्रीले क्याबिनेट पुऱ्याउँछन् र क्याबिनेट निर्णय संसदमा जान्छ । ह्वीप जारी गरेर बहुमतका बलमा त्यस्ता विधेयक संसदभित्र विरोधका बाबजुद पारित गरिन्छन् । सांसदहरुको काम सके जति राज्य कोषबाट सुविधा लिने अनि सरकारले ल्याएको विधेयक पास गर्न टेबल ठोक्ने अतिरिक्त अरु छैन । सबै विधेयक सरकारी भेन्टिलेसनबाट अध्यादेशकै शैलीमा संसदमा छिर्ने र संसदमा विधेयकबारे कुनै छलफल नै नहुने, सरोकारवाला पक्षसँग कुनै विमर्श नै नगर्ने परिपाटीले सांसदहरुलाई भूमिकाविहीन मात्र बनाएको छैन संसदको महत्व र गरिमामाथि नै प्रश्न उठ्न थालेको छ ।

सरकारले चिकित्सा क्षेत्र सुधारका अभियन्ता डा. गोविन्द केसी आमरण अनसनमा बसिरहेका बेला संसदभित्र मार्सल लगाएर चिकित्सा विधेयक पारित गऱ्यो । मेडिकल माफियाहरुको पक्षमा कम्युनिस्ट भनिने सरकार यसरी निर्लज्ज रुपमा प्रस्तुत भएको यो दृश्यले सरकार कसरी अघि बढ्न खोजिरहेको छ भन्ने प्रस्ट संकेत गरेको थियो । प्रेस जगतले सरकारको यस्तो कार्यशैलीको तीव्र आलोचना गऱ्यो । सरकार अब मिडियाहरुलाई नै ठेगान लगाउने निर्णयमा पुग्यो । यतिमात्र होइन, राष्ट्रपति प्रधानमन्त्रीका अनुत्पादक विदेश भ्रमण, भ्रमणका समयमा भिभीआईपी सुरक्षाका नाममा जनतालाई सडकमा दिइएको सास्ती, भ्रष्टाचार, महँगी, सुनकाण्ड, सुमार्गीकाण्ड, सिजी काण्ड, एनसेल काण्ड, निर्मला हत्या प्रकरणका विषयमा सञ्चार माध्यमहरुले जोडदार आवाज उठाउन थाले । सरकारले मिडियालाई अंकुश लगाउन मिडिया काउन्सिल विधेयक गत २७ वैशाखमा राष्ट्रिय सभामा दर्ता गऱ्यो । त्यसमा प्रस्तावित प्रावधान पत्रकारिता क्षेत्रलाई त्रसित पार्ने खालका छन् । नेपाल पत्रकार महासंघले मुख्यतः तीन व्यवस्थाविरुद्ध आन्दोलन गरिरहेको छ । काउन्सिल विधेयकमा महासंघले सबैभन्दा असन्तुष्टि जनाएको दफा १८ को व्यवस्थामा हो । सो दफामा उल्लेख जरिवाना तथा क्षतिपूर्ति भराइदिन सक्नेसम्बन्धी व्यवस्थामा २५ हजारदेखि १० लाखसम्म दण्ड जरिवाना गर्न सक्ने प्रस्ताव छ । कसैको मर्यादा र प्रतिष्ठामा आँच पुऱ्याएको पाइएमा काउन्सिललाई प्रकाशक, सम्पादक, पत्रकार वा जरिवाना गराउन सक्ने व्यवस्थाले प्रेस स्वतन्त्रता नियन्त्रण हुने महासंघको भनाइ छ ।

विधेयकको परिच्छेद ३ को दफा ७ मा उल्लेख '१० वर्ष पत्रकारिता अनुभव हासिललाई काउन्सिलको अध्यक्ष र १५ वर्ष अनुभव हासिललाई सदस्य नियुक्त गर्ने व्यवस्थाप्रति महासंघको आपत्ति छ । सदस्यका लागि १५ वर्ष अनुभव तर अध्यक्षका लागि १० वर्ष अनुभव हुनुपर्ने व्यवस्था विरोधभासपूर्ण भएकाले संशोधनको माग गरिएको छ । त्यस्तै काउन्सिललाई सरकारको शाखाको रुपमा निरन्तरता दिन खोजिएको भन्दै पत्रकारहरुले विधेयकको चर्को विरोध गरिरहेका छन् । सरकार नियमनका नाममा प्रेस जगतलाई नियन्त्रण गर्न खोजिरहेको छ । संविधानको प्रस्तावनामै उल्लेख गरिएको पूर्ण प्रेस स्वतन्त्रतालाई विधेयक ल्याएर हलाल गर्ने धृष्टता गर्दैछ सरकार । पत्रकारहरुका लागि ओली राज असुरक्षित बन्दै गएको अनुभव गरिँदैछ । न्यूनतम पारिश्रमिकले दैनिक जीवन चलाउन धौ धौ पर्ने पत्रकारहरुले जरिवाना तिर्नु पऱ्यो भने के हालत हुन्छ ?

सरकारले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ लाई संशोधन गर्न बनेको विधेयक ल्यायो । **बाँकी ८ पेजमा**

## वार्षिक अर्ब बढीको बिउ आयात

काठमाडौं । नेपाल कृषि प्रधान देश हो । यहाँको ६५ प्रतिशतभन्दा बढी जनसंख्या कृषि पेसामा आबद्ध छ । पहिले कृषिमा आश्रित जनसंख्या ८० प्रतिशत थियो । बढ्दो सहरीकरण र युवाहरुको विदेश पलायनले कृषिमा आधारित जनजीवनको परिमाण घटेको हो । कृषियोग्य जमिन प्लटिङ भइरहेका छन । कंक्रिट सहरको विस्तार भइरहेको छ । यसले देशको उत्पादनमै ह्रास ल्याएको छ र खाद्यान्न आयात बढिरहेको छ । कृषिलाई आधुनिकीकरण गर्ने र खाद्यान्न उत्पादनलाई बढाएर आत्मनिर्भर बन्नेतर्फ सरकारी प्रयास प्रभावकारी देखिएको छैन ।

कृषि प्रधान देश नेपालमा कृषिजन्य खाद्यान्नदेखि बिउसम्म अरबौं मूल्य बराबरको आयात भइरहेको छ । बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रका अनुसार पाँच वर्षको अवधिमा ११ अर्ब ४५ करोड रुपैयाँको बिउ आयात भएको छ । केन्द्रको तथ्यांकमा वर्षमा १ अर्बको बिउ आयात भएको पाइए पनि खुला सिमानाका कारण साइकल, मोटरसाइकल र ट्याक्टरमा समेत बिउ आयात हुने भएकाले वर्षमा करिब ४ अर्ब मूल्यभन्दा बढीको बिउ आयात हुने गरेको छ । **बाँकी ८ पेजमा**

## क्रिश्चियन संघसंस्थाको बिगबिगी

काठमाडौं । नेपाललाई हिन्दू राष्ट्रबाट हटाएर धर्मनिरपेक्ष राष्ट्र बनाइएपछि क्रिश्चियन चलखेलले तीव्रता लिइरहेको छ । तत्कालीन नरेश ज्ञानेन्द्रले गैरसंवैधानिक ढंगले पुनर्स्थापित गरेको प्रतिनिधि सभाले प्रथमतः नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेको थियो । नेपालको संविधान २०७२ को मस्यौदामा धर्मनिरपेक्ष राष्ट्र लेखिएकोमा त्यसलाई हटाई हिन्दू राष्ट्र राख्ने जनमत मुखरित भएको थियो । तर जनमतको कदर गरिएन । संविधानमा धर्मनिरपेक्ष नै लखियो । क्रिश्चिनरी मिसन, भ्याटिकनसिटी, पिस युनिभर्सल फेडरेसन, बेलायती **बाँकी ८ पेजमा**

## ११ प्रदेश र बहुराष्ट्रिय मुद्दा ब्युँताइँदै

काठमाडौं । डा.बाबुराम भट्टराईको नयाँ शक्ति र उपेन्द्र यादवको संघीय समाजवादी फोरमको अन्तर घुलनबाट जन्मिएको समाजवादी पार्टी र आधा दर्जन मधेसवादी दलहरुको एकीकृत रुप राष्ट्रिय जनता पार्टीले ११ प्रदेशको एजेन्डा र बहुराष्ट्रिय अवधारणालाई ब्युँताएका छन् । यी दुवै दलले बहुराष्ट्रिय शब्दलाई आआफ्ना घोषणापत्रमा महत्वका साथ चर्चामा ल्याएका छन् । ११ प्रदेशको एजेन्डालाई राजपाले विधान मस्यौदाका प्रस्तावनामै राखेको छ । यसै गरी नवगठित समाजवादी पार्टी गठन हुँदा तयार गरिएको आधार पत्रमा ११ प्रदेशको मागलाई उठाइएको छ । तत्कालीन राज्य पुनःसंरचना आयोगका बहुमत सदस्यहरुले बुझाएको प्रतिवेदनका आधारमा राजपा र समाजवादी पार्टीले ११ प्रदेशको एजेन्डा उठाएका हुन् । राजपा र समाजवादी पार्टीका नेताहरुले १० वटा भौगोलिक प्रदेश र १ गैरभौगोलिक प्रदेश गरी ११ प्रदेशको व्याख्या गरेका छन् ।

'देशभित्रका सबै राष्ट्रियतालाई समान अधिकार प्रदान गरी बहुल राष्ट्रवादको विकास गरिनेछ' भन्दै वैशाख २३ मा गठन भएको समाजवादी पार्टीले निर्वाचन आयोगमा बुझाएको घोषणापत्रमा बहुल राष्ट्रवादको विस्तार गरिएको छ । बहुराष्ट्रिय शब्दको औचित्यलाई घोषणापत्रमा पुष्टि गर्दै भनिएको छ- 'नेपालमा विभिन्न आदिवासी जनजाति, मधेसी, थारु, खस, आर्य, शिल्पी, मुस्लिम आदिको पहिचान राष्ट्रिय पहिचान हो । तिनीहरु सबै नेपालका राष्ट्रियता हुन् । त्यस्तो समुदाय जसको आफ्नो अलग ऐतिहासिक मानव भूगोल, साझा भाषा, साझा संस्कृति, साझा आर्थिक जीवन र साझा मनोभावना छ, तिनीहरु सबै नेपालका सन्दर्भमा अलग राष्ट्रियता हो ।

नगरिक समानता, बहुराष्ट्रिय राज्यको मान्यता अनुरुप संघीय शाासन, राष्ट्रिय पहिचान, सही अर्थमा धर्मनिरपेक्षता, समानुपातिक प्रतिनिधित्व, भाषिक समानता, सामाजिक विभेदबाट मुक्ति प्राप्ति नभएको भन्दै समाजवादी पार्टीले क्रान्ति अझै जारी रहेको जनाएको छ । नेपालका पुराना शक्तिहरु देशको नेतृत्व गर्न असफल सिद्ध भइसकेको आरोप लगाइएको छ । पुराना शक्ति भनेर कसलाई भनिएको हो नाम भने खुलाइएको छैन । पुराना शक्तिले देशलाई निकास दिन नसक्ने भएकाले समाजवादी पार्टी जन्मिएको बताइएको छ । समाजवादी पार्टीले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासँगै पुराना शक्तिहरु यथास्थितिवादी शक्ति रुपान्तरित भएका छन् भने राजावादी शक्तिहरु प्रतिगमनको प्रयत्न गरेको आरोप लगाइएको छ । समाजवादी पार्टीले घोषणापत्रमा ठाउँ ठाउँमा संविधान संशोधनको विषयलाई उठाइएको छ ।

यसअघि राजपाले निर्वाचन आयोगमा बुझाएको घोषणापत्रमा बहुराष्ट्रिय शब्द राखेको थियो । आयोगका पदाधिकारीहरुले प्रश्न उठाएपछि बहुराष्ट्रिय शब्दलाई राजपाले परिमार्जन गरेको थियो । तर चुनावका बेला कार्यकर्तालाई बाँडिएको चुनावी घोषणापत्रमा बहुराष्ट्रिय शब्द राखिएको थियो । राजपाले पार्टीको मस्यौदामा ११ प्रदेशको एजेन्डा उठाएको छ । राजपाको **बाँकी ८ पेजमा**

## भ्रष्टाचारले विभागै रित्तो

काठमाडौं । भ्रष्टाचारमा शून्य सहनशीलता सरकारको नीति विपरीत सरकारी कार्यालयमै डरलाग्दा भ्रष्टाचारहरु हुन थालेका छन् । भ्रष्टाचारको क्लिन गार्ड समीकरणले भ्रष्टाचार बढ्नुका मुख्य कारणका रुपमा शासक तथा कर्मचारको एकाधिकार रहनु, अधिकारको केन्द्रीकरण हुनु, तालुक निकायबाट तजबिजी अधिकारमाथि नियमन हुन नसक्नु, पारदर्शिता कायम हुन नसक्नु, सांस्कृतिक विचलन आउनु कारण औंल्याइएको छ । सरकारले सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरुले गर्ने भ्रष्टाचार नियन्त्रण गर्न नसक्नु नै भ्रष्टाचार मौलाउनु हो । भ्रष्टाचारको कुलतामा परेका सरकारी अधिकारीहरुमा नैतिकता स्खलित हुन पुगेको प्रस्ट देखिन थालेको छ ।

पछिल्लो पटक अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक सञ्जिवकुमार कर्णसहित विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेपछि विभाग नै रित्तिएको छ । उनीहरुमाथि **बाँकी ८ पेजमा**

**सन्दर्भ : बहादुर शाहको जन्मजयन्ती**

## नेपाल एकीकरणमा बहादुर शाहको योगदान

**दीर्घराज प्रसाई**



राष्ट्र निर्माता पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाहको जन्म नुवाकोट दरबारमा १८१४ असार ६ गते भएको थियो । उनी जन्मेको बेला बुबा पृथ्वीनारायण शाह कीर्तिपुर युद्धमा व्यस्त थिए । त्यस युद्धमा आफ्ना विश्वासप्राप्त योद्धा कालु पाण्डेलाई गुमाउनु परेकाले उनी तनावपूर्ण स्थितिमा थिए । पृथ्वीनारायण शाहलाई समेत खतरा आइलाग्ने अवस्था थियो । त्यही बेला बहादुर शाहको जन्म भएको थियो । यो खबर सुनेर पृथ्वीनारायण शाहलाई युद्धको तनावको मारमा परेको बेलामा तनाव भुल्न सक्ने परिस्थिति आएको थियो । हिमवतखण्डका ससाना राज्यहरू कब्जा गरेर एकलौटी रूपमा आफ्नो कब्जामा राख्न इस्टइन्डिया कम्पनी आक्रमण गर्न बाटो खोजेर बसिरहेको अवस्थामा गोर्खाका राजा पृथ्वीनारायण शाह र उनीपछि उनका कान्छा छोरा बहादुर शाहबाट हिमतखण्डका थुप्रै हिन्दु राज्यहरूको एकीकरण गर्न सम्पूर्ण जातिको सहयोगमा शाम, दाम, दण्ड, भेदको नीति लिएर विशाल नेपालको एकीकरण गरेर विशाल नेपालको सिर्जना हुन सकेको थियो ।

लगभग एकहजार वर्षसम्म मुसलमान र अंग्रेजको साम्राज्यबाट भारत वर्षका प्राचीन सभ्यता र हिन्दुत्व अतिक्रमणको कारणले भारतमा हिन्दू अस्मिता बिटुलो भइसकेको थियो । भारतमा अंग्रेजहरूबाट हिन्दू अस्मितामाथि आक्रमण बढ्दो अवस्थामा पुगेपछि नेपाल पनि अछुतो हुने स्थिति थिएन । तर, गोरखाका राजा पृथ्वीनारायणको दूरदर्शी र सक्षम नेतृत्वबाट समयमा नै यस क्षेत्रको सार्वभौम अस्तित्व जोगाएर हिमवतखण्डका ५४ ससना हिन्दू राज्यहरूलाई एकीकरण गरेर विश्वको एक मात्र हिन्दू अधिराज्य स्थापना गर्न सकेका थिए । यसैले, यो भूमि कहिले पनि बिटुलो भएन ।

हिमवतखण्ड भनेको पूर्वमा ब्रम्हपुत्र पश्चिममा हिन्दुकुश, उत्तरमा कैलाश-मानसरोवर र दक्षिणमा गंगासम्मको भूभाग हो भने गंगादेखि हिन्दमहासागरसम्मको भूभागलाई भारतखण्ड भनिन्छ । हिन्दूअस्मिता बोकेका राष्ट्रहरूमा 'हिमवतखण्ड नेपाल' र 'भारतखण्ड' हुन् । यी दुवै राष्ट्रबाट विश्वभर हिन्दु दर्शन, संस्कृति र सभ्यताको विस्तार भएको हो । यो हिमवतखण्ड नेपाल तथा भारतबीचमा यगगौंयुगदेखि गहन **बाँकी ८ पेजमा**

## हार्दिक निमन्त्रणा

यस **ग्रेटर नेपाल राष्ट्रिय साप्ताहिक**को
सातौं वार्षिकोत्सव
यही साउन ४ गते शनिबार दिनको १ बजे
नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना हुँदैछ ।
राष्ट्रवाद/पर्यावरणको संरक्षण तथा सामाजिक विकासमा
उल्लेख्य योगदान गर्ने राष्ट्रिय व्यक्तित्वलाई सम्मान गरिने
यस कार्यक्रममा यस पत्रिकाका वार्षिक ग्राहक, विज्ञापनदाता,
शुभेच्छुक एवं सहयोगी सबैलाई हार्दिक आमन्त्रण गरिन्छ ।

*(समारोहपश्चात् जलपानको व्यवस्था पनि गरिएको छ)*




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा.द्वारिकानाथ ढुंगेल
प्रा.डा.चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# त्रिविविको गरिमा कायम राख

त्रिभुवन विश्वविद्यालय नेपालको जेठो विश्वविद्यालय हो । यसबाट उत्पादित जनशक्तिले नै यो मुलुकको प्रशासनयन्त्र राजनीति र अर्थतन्त्र सञ्चालन गरिरहेको छ । त्रिभुवन विश्वविद्यालयको प्राज्ञिक गरिमा स्वदेशमा मात्र नभएर विश्वभर स्थापित भएको छ । यति हुँदाहुँदै पनि विश्वविद्यालयको गरिमा र विश्वसनीयतालाई धूमिल बनाउन विश्वविद्यालय प्रशासनमा कार्यरत केही भ्रष्ट कर्मचारीहरू सक्रिय रहेको समाचार सार्वजनिक हुनु दुःखलाग्दो विषय हो । ' त्रिविको गोल्डमेडल डेढ लाखमा किनबेच' शीर्षकको समाचार पढ्दा उक्त विश्वविद्यालयबाट उपाधि लिएका र अध्ययनरत विद्यार्थीलाई मात्र नभएर विश्वविद्यालयको उज्ज्वल शैक्षिक भविष्य देख्न चाहनेहरूका लागि ठूलो खिन्नता पैदा हुनुको साथै अपराध कर्ममा संलग्नप्रति घृणा र आक्रोशको भावना जागेर आएको छ ।

मानविकी संकाय अन्तर्गत अर्थशास्त्र विषयको स्नातकोत्तरको परीक्षामा फेल भएका सुरेन्द्र कोइरालाले परीक्षा नियन्त्रण कार्यालय बल्खुका कर्मचारी गोप्य शाखाका प्रमुख रामु कर्माचार्यलाई प्रभाव पारी डेढ लाख खुवाएर गोल्डमेडल हात लगाएका थिए । अख्तियारले गोल्डमेडल खरिदकर्ता र बिक्रेताबीच लेनदेन भएको प्रमाणसमेत फेला पारिसकेको छ । उत्कृष्ट अंक ल्याउन मरितरी अध्ययन गर्ने प्रतिभाशाली र लगनशील विद्यार्थीहरूले प्राप्त गर्ने गोल्डमेडलल पैसाको बलमा असफल व्यक्तिको घाँटीमा भिराइ दिँदा विश्वविद्यालयको हविगत कस्तो भयो आफैं अन्दाज गर्न सकिन्छ ।

केही वर्षअघि एक जना कर्ण थरका जनकपुरतिरका व्यक्ति भारतीय विश्वविद्यालय र विभिन्न कलेजका उपाधिहरू नेपालमा बेचबिखन गर्ने धन्दा गर्थे । एक दिन चिया पसलमा उनको धन्दाबारे जानकार मित्रले उनीसँग तपाईंलाई यस्तो काम गर्दा अप्ठेरो पर्दैन ? भन्दा उनले बडो फूर्तिसाथ जवाफ दिएका थिए– 'मैले सर्टिफिकेट ल्याईदिएर जागिर खाएको एसपीको घरमा म सुतेर आएको मलाई कसले के गर्न सक्छ ?' हो केही अगाडिसम्म शिक्षक, प्रहरी, सेना, निजामती सबैतिर नक्कली सर्टिफिकेट घाँटीको बिगबिगी रहेको थियो । पटक पटकको छानबिनपछि यस्तो कतिपय कर्मचारीहरू आफैं राजीनामा दिएर पाखा लागे भने कतिपय अहिले पनि सेवारत रहेका छन् । सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीशको सर्टिफिकेटमाथि नै गम्भीर प्रश्नचिन्ह खडा भएको थियो ।

भारतीय शैक्षिक संस्थाका प्रमाणपत्र खरिद बिक्री सहज भइरहेकोमा नेपालका शैक्षिक संस्थाका प्रमाणपत्र पनि नक्कली बनाएर विदेश जाने व्यक्तिलाई बिक्री गर्ने गिरोह पनि सक्रिय भएको समाचार बेला मौकामा आउने गरेका थिए । अहिले त सक्कली प्रमाणपत्र त्यसमा पनि गोल्ड मेडल नै बिक्रीमा राख्ने वस्तु बनाइयो भन्दा विश्वविद्यालयको गोपनीयता र विश्वसनीयता गुमेको स्पष्ट हुन्छ । विश्वविद्यालय जस्तो सरस्वतीको पवित्र मन्दिरमा भएको घूसको लेनदेन र सर्टिफिकेट किनबेचको विषयलाई अत्यन्तै गम्भीरतापूर्वक लिएर मिहिन ढंगको छानबिन र अनुसन्धान हुन आवश्यक छ । दोषी चाहे जुनसुकै हैसियतको भए पनि उसलाई कानुनी कठघरमा उभ्याएर कडा दण्ड सजाय दिनैपर्ने हुन्छ ।

त्रिभुवन विश्वविद्यालयमा सर्टिफिकेटको किनबेचको अलावा परीक्षा खेतीको धन्दा समेत हुने गरेको छ । फर्म भर्दै अर्कै व्यक्तिको फोटो टाँसेर मोटो रकम लिई परीक्षा लेख्नेहरूले ठूलो धन्दा गर्दै आएका छन् । यस्तो कार्यमा केही विद्यार्थी नेताहरू समेत संलग्न रहँदै आएका छन् । अब अख्तियारले त्रिविविभित्रका सबै खाले विकृति अन्त्य गराउने गरी आफ्नो अनुसन्धानलाई निरन्तरता दिन आवश्यक छ । ज्ञानको पवित्र स्थलमा विराजमान धमिरालाई बेलैमा नष्ट गर्न आवश्यक छ ।

## दृष्टिकोण

# गणतन्त्र आफैं आफ्नै खाडल खन्दैछ

**सुरेन्द्र ढकाल**



शाह वंशले नेपाल एकिकरण गऱ्यो तर जब शाह वंश षड्यन्त्रको तानाबाना बुन्न थाल्यो, आफैं आफ्नो शत्रु बन्यो । जंगबहादुरले त्यसको फाइदा उठाए, कोत पर्व रचे । राणाशासन शुरु भयो । शाह शासन ओझेलमा पऱ्यो । चन्द्र शमशेरले राणाहरुलाई एबीसी गरी ३ क्लासमा विभाजन गरे, आफैंभित्र शत्रु सिर्जना गरे । यही विभाजन १०४ वर्षीय राणा शासनको अन्त्यको प्रमुख कारण बन्यो ।

२००७ सालमा देशमा प्रजातन्त्र आयो तर प्रजातन्त्रको लागि लडेका भनेका नेताहरु बीचको शत्रुताको कारण पहिलो आठ वर्षसम्म चुनावै भएन, राजाले प्रधानमन्त्री मनोनित गर्ने व्यवस्था भयो जब २०१५ सालमा चुनाव भई दुई तिहाइ बहुमतको सरकार बन्यो त्यो दुइ वर्ष पनि टिकेन किनकी कांग्रेसी महामन्त्री तुलसी गिरी नै कांग्रेसको शत्रु बन्न पुगे । उनले राजा महेन्द्रसँग मिलेर बहुदलीय व्यवस्था नै खतम गरी पंचायती व्यवस्था शुरु गर्न राजालाई सघाए । पंचायत ३० वर्ष टिक्यो । २०३६ सालको जनमत संग्रहमा सुधारिएको पंचायतले जित्यो । अब सबै नेपाली पंच र सबै पंच नेपाली भनेर राजा वीरेन्द्रले घोषणा गरे । त्यसको ठ्याक्कै विपरित जब सूर्यबहादुर थापा प्रधानमन्त्रीबाट निकालिएर लोकेन्दबहादुर चन्द प्रधानमन्त्री बने, उनै सूर्यबहादुर पंच र पंचायत ब्यवस्थाको ठूलो शत्रु बने । पंचहरुबीच शत्रुता यति बढ्यो कि राजा वीरेन्द्रले त्यसलाई व्यवस्थापन गर्न नसक्दा सुधारिएको पंचायत १० वर्षभन्दा बढी टिक्न सकेन । अन्त्यमा पंचले नै पंचायत खाए जसको फलस्वरुप राजा बहुदलिय ब्यवस्था घोषणा गर्न बाध्य भए ।

२०४७ सालको संविधान बमोजिम देशमा चुनाव भयो। कांग्रेसलाई जनताले देश चला भनेर फेरि सुविधाजनक बहुमत दिए । तर के गर्नु आफ्नो शत्रु आफैं बन्ने परम्परा भएको देशमा पहिले कृष्णप्रसाद र गिरिजाबीचको शत्रुता अनि त्यसपछि गिरिजा र शेरबहादुर बीचको शत्रुताको कारण देश मध्यावधिमा मात्रै धकेलिएन बल्की कांग्रेस पार्टी फुटन गयो । कांग्रेसको रोग एमालेमा पनि सऱ्यो त्यो पनि फुट्यो । राष्ट्रिय प्रजातन्त्र सबैलाई चाहिने तर अन्ततः पार्टी र अन्तरपार्टी प्रजातन्त्र कसैलाई पनि नचाहिने कारण पार्टीहरुमा हुने टुटफुटको कारण देश कहिले निस्कन नसक्ने गरी राजनीतिक अस्थायित्वको भुमरीमा पर्न गयो । यसै अस्थायित्वको कारण दरबारभित्र पनि विवादले प्रवेश पायो । दरबारको प्रमुख शत्रु दरवारिया नै बन्न पुग्दा वीरेन्द्रको वंश विनाश गर्न छिमेकी देश सफल भयो । यस्ता सबै कुराको फाइदा माओवादी जनयुद्धले लियो । उसले शाही शेनालाई पनि परास्त गऱ्यो, देशलाई गणतन्त्र बनाउन सफल भयो। त्यसो भएर के गर्नु आफ्नो शत्रु आफैं बन्ने रोगबाट माओवादी पनि

**आफ्नो तन्त्र आफैं खतम गर्ने आचरण र व्यवहारको कारण गणतन्त्र त ढल्ने नै देखियो तर गणतन्त्रको साथै देश नै ढल्ने हो कि भन्ने चिन्ता अहिले राष्ट्रवादी आम जनतामा पर्न गएको छ**

अछुतो रहन सकेन । ऊ त झन प्रचण्ड, मोहन वैद्य, बाबुराम, विप्लव अनि अरु कति हो कति टुक्रामा विभाजित भयो ।

गणतन्त्र जसको लागि आएको हो, त्यो अहिले उसैको लागि महँगो पर्न गएको छ । सिंहदरबारमा सिमित विलासीपन, भ्रष्टाचार, असक्षमता अहिले प्रदेश हुँदै स्थानीय सरकारसम्म पुगेको छ। सबैदलका नेता, कार्यकर्ता मिली देशलाई लुटौं भन्ने अभियान बेस्सरी चल्दा, वाइडबडी काण्ड, ३३ किलो सुन काण्ड, १४ अरबको एनसेल काण्ड, निर्मला बलात्कार अनि हत्याकाण्डहरु नखुल्ने गरी फाइलमा बन्द हुन पुगेका छन् । अनि त्यो कुरा लेख्ने प्रेस र संचार जगतको मुख थुन्ने मिडिया काउन्सिल विधेयक, गुठीको जग्गा हडपी राजनीतिक कार्यकर्तालाई बाँड्ने गुठी विधेयक, मानव अधिकार हनन विरुद्ध बोल्ने राज्यको संवैधानिक अंगलाई पंगु बनाउने मानव अधिकार विधेयक, नेपाली युवालाई विदेश जान बाध्य पारी आम भारतीयहरुलाई नेपालमा हुल्ने नागरिकता विधेयक, राजदुत नियुक्तिको स्थापित प्रकृयालाई धोति लगाउँदै करोडौं कमिसनको भरमा राजदुत नियुक्ति गर्ने प्रधानमन्त्रीको व्यकिगत रुचीको कारण अहिले नेपालको गणतन्त्रको शत्रु यसै गणतन्त्रले बनाएको विभिन्न दलका नेता र कार्यकर्ता बन्न पुगेका छन् ।

आफ्नो तन्त्र आफैं खतम गर्ने आचरण र व्यवहारको कारण गणतन्त्र त ढल्ने नै देखियो तर गणतन्त्रको साथै देश नै ढल्ने हो कि भन्ने चिन्ता अहिले राष्ट्रवादी आम जनतामा पर्न गएको छ । यसैकारण जनताको आमसभाहरुमा दलका झण्डाहरु नामेट हुँदै राष्ट्रिय झण्डा फरफराउन पुग्नुले गणतन्त्रले आफ्नो शत्रु आफैंलाई बनाएको धमाधम पुष्टि हुँदै छ । अब फेरि पनि इतिहास दोहोरिए अचम्म नमान्दा हुन्छ । गणतन्त्र आफैं आफ्नै खाडल खन्दैछ ।

# सजिलो सधैं हुँदैन नेपाललाई



**जगदीश लामिछाने**
रौतहट, पौराई

जुनसुकै देशलाई पनि आफ्नो सार्वभौमिकता जोगाई उन्नति गर्न सजिलो हुँदैन । उसमाथि समुद्रसँग नजोडिएको नेपालले आरोहको भ्रम पर्ने बखत र अवरोहको शंका पर्ने बखतमा खुबै होस गर्नुपर्दछ । आफ्नै संस्थाको हितकै निमित्त पनि राजसंस्थाबाटै २६०० वर्ष जोगिएकै छ । यी विभिन्न वंशका राजामा राजा अंशु बर्मा, पृथ्वीनारायण तथा राजा महेन्द्र प्रमुख छन् । यो देशमा संघीय गणतन्त्र अत्यन्तै महँगो भयो । देशकै अस्तित्वको ख्याल भएन आदि भनी २०७६ कै जेठ २७ गते अन्नपूर्ण पोस्टमा आषाढ ५ गते नागरिक दैनिकमा आदित्यमान श्रेष्ठले लेख्नु भएको छ र अरुले पनि लेखेका छन् । हुन पनि हो जुनसुकै उपायले पनि विदेशको हित होइन, यो देशको हित हुनैपर्दछ र नेपालको सार्वभौमिकता जोगिनै पर्दछ ।

भर्खरै २०७६ आषाढ ६ गते प्रज्ञा प्रतिष्ठानका उपकुलपति जगमान गुरुङले राजकुमार बहादुर शाहको जन्मजयन्ति मनाउने क्रममा उहाँले धेरै क्षेत्र नेपालमा समाबेश गराउनु भएकोमा श्रद्धा सुमन चढाउँदै हुनुहुन्थ्यो । यस्तै बहादुर शाह प्रशंसक स्वर्गीय इतिहास शिरोमणी बाबुराम आचार्यले विभिन्न प्रवचनमा मानदेवले उत्कृण गराएको चाँगुको अभिलेखको आधारमा 'जित्वा मल्ल पुरिम' भन्ने क्षेत्र नेपालमै मिलाएको कुरा गर्दै राजा मानदेवको समेत प्रशंसक नै हुनुहुन्थ्यो । अहिले वर्तमान आवश्यकता अनुसार माथिका विषयका साथै पर्यावरणीय जनसंख्या, अन्तर्राष्ट्रिय र स्वार्थको टक्कर यी चार कुरामा समेत विचार गर्नुपर्ने हो । तर अहिलेका सचेत अचेत के हो यिनै जनप्रतिनिधिहरुले नै आफ्नै स्वार्थको ठक्करमा टक्कर मारेर बसिरहेर नै समस्याको समाधान गर्न सक्तैनन भन्नैपर्ने भएको छ ।

**पर्यावरणीय**

अहिले थरिथरिका यन्त्रले पहाड फोडी स्थानीय बहुमूल्य पर्यावरण बिगारिँदै छ । पानीका स्रोतहरु सुक्दा समेत होस पुऱ्याइएको छैन र गिट्टि माटो आदि विदेश समेतमा जनप्रतिनिधि नै मिलेर निकासी गरिँदैछ । हरियो वन आदि विनाश गरिँदैछ ।

वास्तवमा यस्ता ठाउँमा दुर्गम वस्ति नै भए पनि सुगममा सार्नुपर्ने हो । ढीपी गरेर अप्राकृतिक मोटरबाटो लग्ने होइन । अब त यातायात पूर्वाधार विकाश क्रमशः नै भएकै वा गरेर फड्के खेती अर्थात हिमालमा स्याउ, ओखर आदि, पहाडमा फलफूल र समथर क्षेत्र या तराईमा अन्न खेती नै गर्न नसकिने केही थिएन । चुरेको पहाड जो बचेको वन जंगल जोगाएरै वन्यजन्तुलाई बस्न समेत दिनुपर्ने हो । यस्तो गर्न नसकिने अवस्था नै थिएन । जथाभावी उत्तर दक्षिण होइन होसपूर्वक अति थोरै बाटाले हुलाकी, महेन्द्र र मध्यपहाडी पूर्वपश्चिम राजमार्ग जोडिनुपर्ने हो ।

**जनसंख्या**

दक्षिण भारतले हामी छिमेकीलाई आफ्नो जनसंख्या लाखौं लाख उत्तर नेपालमा नै पठाउन शुरु गरेको जवाहरलाल नेहरुकै पालादेखि हो । अझै रोकिएको छैन । यस्ता कुरामा हाम्रै जनप्रतिनिधि भनाउँदाहरु नै लागिपर्नु दुःखदायी कुरा हो । अझै उत्तरको छिमेकी चीनले पनि यस्तै खोज्यो भने हामी नेपाली शरणार्थी भएर कहाँ जाने ? यिनै नेताले नै जवाफ दिउन् । त्यस बेला देश त रहँदै रहँदैन, पक्कै नै हो सबैलाई थाहा छ । हामीले उत्तर दक्षिणबाट रेलले जोड्ने आशा गर्नुभन्दा आफैं निजगढबाट काठमाडौं रेलले जोड्न लागि पर्नुपर्छ । त्यसमै बल गरी हेरौं न त । उत्तरतर्फ तिब्बत राजा महेन्द्रले बन्द गरेझैं भारतमा पनि गरौं भन्दा जनप्रतिनिधिहरु एकमत नहुने किन ? यो अन्तिम प्रश्न पनि जनप्रतिनिधिहरुलाई नै हो ।

**अन्तर्राष्ट्रिय**

एउटा उखान, हर श्रीमान र श्रीमतीकै हो, पारिवारिकै हो। त्यो अन्तर्राष्ट्रिय रुपमा पनि लागू भएकै छ । "Necessary Evil" नभै नहुने माया...... जस्तै अन्तर ाष्ट्रियसँग र मित्र देश सबैसँग मित्रवत व्यवहार गरेनौं भने देश नै तहसनहस हुन वेर लाग्दैन । दुई विश्वयुद्धले भएकै हुन् । विश्वमा अहिले केवल सिक्किमको 'दोक्लाम' भन्दै लगि त्यो देश भारतमा विलय भएकै हो । युगोस्लाभिय अलप र अफगानिस्तान अशान्तिको साक्षी नै छन् । आफ्नो देश नेपालको सुरक्षा गर्नै पर्दछ । २००७ मा श्री ५ त्रिभुवनलाई नेपाल फिर्ता कसले ल्याएर देश रक्षा गरे ? अब उत्तर चीनको र दक्षिण भारतको अनि विश्व शक्ति अमेरिकाकै चेपमा नेपाल नपर्ने उपायमा हामी लाग्नै पर्दछ । हिमवत्खण्ड नेपालको वैदिक आदि धर्मको सुरक्षा समेत गर्नेपर्दछ । यही हाम्रो प्राण हो ।

**स्वार्थको टक्कर वा ठक्कर ?**

कर्मचारीहरुमा भ्रष्टाचार हेरिरहने वा गर्ने समय यो होइन । उद्योगी, कृषक, व्यवशायीहरुले औद्योगिक र अर्गानिक खेती आवश्यकता हेरी गर्नै पर्दछ । एउटा उदाहरण, अहिले नै नेता गण र कर्मचारीले २०२१ को नापीको जग्गा बीचबाट वागमतीमा २०२८ मा प्राकृतिक बाढी आई बानेश्वर वागमती पुल तलतिर काठमाण्डौमा बाटो बदल्न दिनेलाई कारवाही गरौं भन्नु भन्दा आफ्नै दरानसिरानका जग्गामा वागमती कोरिडर फराक पिचबाटो बनाउन दिने जनतालाई न्याय दिनु पर्दछ । समस्या राखी रहेर स्वार्थमा टक्कर जिउराले मारेर बस्नु भन्दा ठक्कर कसकसलाई हुन्छ विचार गर्नै पर्दछ। यसमा जति ढिलो गऱ्यो नेता नेता आफैंलाई ठक्कर पर्दछ ।

# प्रिय गणतन्त्र तिम्रो आगमनमा हाम्रो खुसी

■ **गोविन्द विश्वकर्मा**

प्रिय गणतन्त्र यो मुलुकमा तिम्रो आगमन भएको पनि ११ वर्ष विति सकेछ । तिम्रो जन्मदिन मनाइरहँदा तिम्रो आगमनको समयमा हामीमा भएको उत्साहको सम्झना झलझली हाम्रो मानसपटलमा आइरहेको छ । तिम्रो जन्म हुन लागेको समयमा हामी तिमीलाई वेग्रल्ती समृद्धिका पुष्प गुच्छा बोकेर परिवर्तनको ढोकामा स्वागत गर्न आतुर भएका थियौं । तिमी जन्मने वेथा लागेर प्रसव पीडाले नेपाल आमा छटपटाइ रहेकी थिइन । त्यो समयमा एक थरी तिमीलाई गर्भमै तुहाउनु पर्छ भन्ने जमात थियो भने अर्को जमात थियो तिमीलाई सकुसल जन्म दिनु पर्छ भन्ने । यी दुई जमातकोबीचमा घमासान लडाइका फोहोराहरु चलिरहेका थिए । यही घमासान लडाइमा हजारौं सहिदहरुले तिम्रै लागि आफ्नो अमूल्य ज्यान वलिदान गरेको क्षण आजपनि मानसपटलमा ताजै छ ।

प्रिय गणतन्त्र तिम्रै आगमनको खातिर कती चेलीहरुको सिउँदो पूछियो, कति आमाबुबाहरुलाई सन्तानको पीडाले छटपटाहट भयो, कती भौतिक निजी तथा सार्वजनिक संरचनाहरुको विनास भयो, कती बालबालिकाहरुको मृत्यु भयो, कती परिवारहरुको खुशी छेदविछेद भयो, कती परिवारहरु विस्थापित भए, कती घाइतेहरु आजपनि अस्पतालको बेडमा छटपटाइरहेका छन, लडाइको घाउमा राम्रो सँग खाटा बसिसकेको छैन । प्रिय गणतन्त्र खै किन हो त्यो बेलाको खुशी र उत्साह आज एघारौं जन्मदिन मनाउँदा हाम्रो मनका छाउन सकेन । प्रिय गणतन्त्र तिम्रो आगमन पश्चात मुलुकमा आम नागारिकहरुले शुख र समृद्धि प्राप्त गर्छन, सबैको महारमा खुशीका वहारहरु देखिन्छन, कसैले पनि अनाहकमा ज्यान गुमाउन पर्दैन, महिला, बालबालिका, बृद्ध, अपाङग, पिछडीएको, हेपिएको वर्गको उत्थान हुन्छ, हत्या, हिँसा, बलात्कार, घुसखोरी, भ्रष्ट्रचार, बेथिती, कुरिती, कुसंस्कार र गरिबीको अन्त्य हुन्छ, आम नागरिकले स्वतन्त्र रुपमा आफ्नो क्रियाकलापहरु सञ्चालन गर्न पाउँछन, कसैले पनि भय र त्रासमा रहनु पर्दैन, बमका आवाजहरु सुन्नु पर्दैन, युवायुवतिहरुका लागि यहि मुलुकमा पर्याप्त अवसरहरु सिर्जना हुन्छन, मानव अधिकारको सम्मानका साथै जनताको सर्वोच्चता कायम हुन्छ, तिम्रो आगमनका लागि लडेका सहिदहरुका परिवारहरुको खुशी फर्किन्छ भन्ने आसा अपेक्षा हामी आम नागारिकमा थियो । तर आज त्यो सब आसा र भरोसामा बादल लाग्न थालेको छ ।

प्रिय गणतन्त्र फेरी आज बमका आवाजहरु सुनिन थालेका छन । कतै तिम्रो घाँटी निमोठेर एक मुठी सास फिसिक्क जाने अवस्था त आउँदैन ? यो पनि आज चिन्ताको विषय बनेको छ । प्रिय गणतन्त्र हामी जस्ता सर्वसाधरण सिंहदरबार छिर्न ३ घन्टा लाइन बस्नुपर्छ, कुनै काम लिएर सरकारी कार्यालय जाँदा विभिन्न वाहानामा अलमल्याने दाउ मात्र पाइन्छ खै कस्तो व्यवस्था हो यो तिम्रो ? तिम्रा सारथी बनेर तिम्रै नाम जप्नेहरु आज आफ्नै सजिलोका लागि अनुकूल पद्धति हुर्काउनमा लिप्त छन् । आम नागरिकहरुलाई समस्यै समस्याले आज बन्धक बनाइ राखेको छ, खै किन हो ? प्रिय गणतन्त्र अस्थिरताको जन्जिरबाट उम्कन आज हम्मेहम्मे परेको छ । प्रिय गणतन्त्र तिमीले व्यवस्थामा परिवर्तन ल्याए तापनि संस्कारमा परिवर्तन ल्याउन सकेनौ तिम्रा सारथीहरुलाई विलासितामा रम्ने मौका दियौ र आफू नतमस्तक भएर सुस्तायौ ।

प्रिय गणतन्त्र तिम्रै पालामा नेपाल आमाको ढिकुटी पनि रित्तिने भयो, तिम्रै पालामा अवैध रुपमा सुनका डल्ला पनि भित्रीए, तिम्रै पालामा महिला तथा बालबालिकाहरुले मृत्युको सिकार हुनु परिरहेको छ खै कसरी विश्वास गर्नु तिमीलाई, प्रिय गणतन्त्र सिंहदरवारको अधिकार गाउँगाउँमा पुग्छ भन्थ्यौ तर आज सिंहदरवारको भ्रष्ट्रचार चाँही गाउँगाउँमा पुगिसकेको छ तर तिमीलाई पत्तै छैन । प्रिय गणतन्त्र मानवीयताको भावना लोप भएर दानवीयताको भावनाले आज नागरिकमा डेरा जमाउँदै गएको छ त्यसकारण तिम्रो व्यवस्थाले हाम्रो सपना पूरा गर्ने छनक देखिदैन । के हामीले यस्तै दुख र पीडा भोग्नका निम्ति हजरौं सहिदहरुको वलिदान गरेर ल्याएको हो र तिमीलाई ? प्रिय गणतन्त्र आज महङगीले हाम्रो ढाड सेकेको छ तर पनि तिमी भने वेखबर जस्तै बनेर बसेको छौ । प्रिय गणतन्त्र के यही हो त तिम्रो समृद्धि ? जबसम्म हामी जस्ता सर्वसाधरणको जीवनस्तरमा सुधार आउन्दैन तबसम्म तिम्रो समृद्धि सफल हुँदैन । प्रिय गणतन्त्र सपना भनेको त अर्मुत कुरा मात्र हो मुर्त कुरा त विपना हुन्छ र विपनामा गरेको कार्यले नै ठोस परिवर्तनको कल्पना गरेको हुन्छ ।

अन्त्यमा प्रिय गणतन्त्र अझै तिमीबाट केही आसाका अवसेषहरु बाँकी छन हामी आशा गर्छौ तिमीले चेतनासहितको परिवर्तनमा सबैलाई एकत्रित गर्दै मुलुकलाई विकासको गोरेटोमा दौडाउने छौ र शुखी र समृद्धिको यात्रामा लाग्नका निम्ति सबैलाई प्रेरित गर्छौ भन्ने सवालमा हामी दिनहरु गनेर बस्नेछौ यहि छ शुभ कामना प्रिय गणतन्त्र तिमीलाई ।

# मैले देखेको १ सय दुईऔं विश्व सम्पदा:

# ब्रेमेनको क्याथेड्रल (डोम)

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा क्याथेड्रल यस्तो देखिन्छ



क्याथेड्रलभित्रको धनुषाकार कलात्मक दलिन



क्याथेड्रलभित्रको कलात्मक सिसाका झ्यालहरू



क्याथेड्रलको दुई टावरको बीचमा टाँसिएको ब्रेमेन नगर परिषदको निशाना छाप



क्याथेड्रलभित्रको सबैभन्दा पुरानो कक्ष



किनारामा दुई पथसहितको क्याथेड्रलको मुख्य प्रार्थना कक्ष

ब्रेमेनको लेडी चर्च अवलोकन गरेपछि म बेलुकी डेरातर्फ फर्किएँ । बस्दै जाँदा ब्रेमेन मेरो लागि अब नौलो रहेन । सिनेटमा काम सिक्ने सन्दर्भमा नयाँ साथीहरूसँग चिनजान बढ्दै गएको थियो । आफूले नेपालबारे उनीहरूलाई भन्नु र उनीहरूले ब्रेमेनबारे मलाई बताउनुमा नै हाम्रा फुर्सदका समय बित्दै गएको थियो । ब्रेमेनमा अवलोकन गर्नुपर्ने त्यहाँको क्याथेड्रल बाँकी भएको कारण सिनेटको काम सकेर एक दिन दिउँसो साढे दुईतिर म ब्रेमेनको क्याथेड्रल पुगी पुरै दिन त्यसलाई अवलोकन गरी बिताएँ ।

**ब्रेमेनको क्याथेड्रल**

ब्रेमेनको यो क्याथेड्रल सेन्ट पिटरप्रति समर्पित भएको हुँदा यसलाई सेन्ट पिटर डोम पनि भन्दा रहेछन् । ब्रेमेनको मुख्य भित्री बजारमा अवस्थित यो क्याथेड्रललाई उत्तरी जर्मनीकै सबैभन्दा ठूलो एभान्जेलिक (प्रोटेस्टेन्ट) चर्चहरूमध्ये एकमा गनिदो रहेछ । ब्रेमेनको आर्कविशप रहने चर्च भएको हुँदा यसलाई क्याथेड्रलको हैसियत प्राप्त रहेछ । सन १९७३ देखि यो जर्मन सरकारको स्मारक संरक्षण ऐन अनुरूप पुरातात्विक महत्वको भवनभित्र पर्दो रहेछ ।  यस क्याथेड्रल सामान्यतया मध्यकालिन रहेछ । यसको सबैभन्दा पुरानो देखिने संरचना चाहीँ दुईतले रहेछ जसको पहिलो तला रोमन शैलीमा चुनढुंगाले पश्चिम मोहोडा र टावर बनेको रहेछ । सन १२२० देखि यसलाई विस्तार गर्ने क्रममा ईँट प्रयोग गरी गोथिक शैलीमा बनाइएका भित्ता र धनुषाकार स्तम्भसहितका दलिन   (भल्ट) हरू रहेछन् । सन १८८० देखि १९९१ मा यो क्याथेड्रलको आमरूपमा पुनर्निर्माण गरिएको रहेछ । यसै क्रममा अर्को एक टावर बनाई क्याथेड्रलको छानाको डिजाइन परिवर्तन गरिएको रहेछ ।

यस क्योथेड्रलको प्राचीन इतिहास खोतल्दै जाँदा यसको प्रारम्भिक रूप काठको रहेछ जस्को छानाबाट नजिकको भेसर नदी देखिदो रहेछ । यसको निर्माण भिलेहाड नामक सन्तले धर्मप्रचारको क्रममा आउँदा सन ७८९ तिर बनाएका रहेछन् जसलाई साक्सोनीहरूले सन ७९२ तिर आक्रमण गरी जलाइदिएका रहेछन् । पछि अर्का विशप भिल्लेरिखले सन ८०५ मा चुनढुंगा प्रयोग गरी पुनर्निर्माण गराएका रहेछन् ।

सन ८४५ मा हामवर्ग डेनिशहरूको नियन्त्रणमा जाँदा ब्रेमेनशहरलाई उत्तरी युरोप हेर्ने आर्कविशप आन्सगारको राजधानी बनाइएको रहेछ । यिनै आन्सगारले क्याथेड्रलभित्र बीचमा दुई लहरबाट हिँड्न मिल्ने पथसहितको विशाल प्रार्थना कक्ष, भजन कक्ष (कोयर) मञ्च (आल्टर) बनाएका रहेछन । सन १०४१ मा भएको आगलागिको कारण यो क्याथेड्रल नराम्ररी जलेको रहेछ । त्यतिखेरका विशप अडालब्राण्डले तुरून्तै यस क्याथेड्रलको पुनर्निर्माण गर्ने आदेश दिएको भए तापनि लगत्तै भएको उनको मृत्युको कारण पुनर्निर्माण पूर्ण हुन नसकेको रहेछ । पछि अर्का विशप आडलब्रेटले लोम्वार्डियाका कालिगढ लगी काठका दलिनहरू राखी इटलीको काम्पान्नामा भएको बेनेभन्तो क्याथेड्रल जस्तै देखिने गरी रोमन शैलीमा यो क्याथेड्रलको पुनर्निर्माण कार्य सन १०७२ तिर सम्पन्न गराएका रहेछन् । उनैको पालामा क्याथेड्रललाई चारैतिरबाट मोटापर्खालहरूले घेरी किल्ला जस्तो बनाइएको रहेछन् ।  हामवर्ग र ब्रेमेनका आर्कविशप गेरहार्डको पालामा पुन यस क्याथेड्रलको जिर्णोद्धार गरी तल्लो तला, टावर र पश्चिम मोहडालाई रोमनशैलीमा ढालिएको रहेछ । सन १२३० मा दुइ टावरको बीचमा एउटा झ्याल बनाई त्यहाँ ब्रमेनशहरको निशाना छाप टासिएको रहेछ ।

पछि प्रिन्स आर्कविशप वुर्खाडको पालामा सन्त कस्मस र डामियानको खप्परहरू क्याथेड्रलको मर्मत संभार क्रममा भेटिएपछि उनीहरूले प्रयोग गरेका कुराहरू (रेलिक्स) हरूलाई भित्तामा कुंदी झुण्डाइएको रहेछ । त्यसैगरी आर्कविशप जोहान रोडेको पालामा यो क्याथेड्रलको वासिलाका शैलीलाई उच्च गोथिक जर्मन शैलीमा रूपान्तरण गरी उत्तरतर्फ अर्को विशाल प्रार्थना कक्ष (नेभ) थप्ने कार्य भएको रहेछ । सन १५३२ मा ब्रेमेन प्रोटेस्टेन्टहरूको प्रभावमा गएपछि पनि यस क्याथेड्रलमा क्याथोलिक विधिमै पूजाआजा गरेको भनी क्रान्तिकारीहरूले हस्तक्षेप गरी लुथेरान पूजाआजा प्रणाली शुरू गरिएको रहेछ जस्को लागि नेदरलैण्डका प्रोटेस्टेन्ट पादरी आल्बेर्टलाई आर्कविशपमा नियुक्ति गरिएको रहेछ ।

तर क्याथोलिक र प्रोटेस्टेन्ट बीचको विवाद चुलिएको कारण यो क्याथेड्रल पूजाआजाको लागि बन्द गरिएको रहेछ । पछि १६३८ मा लुथेरान आर्कविशप फ्रेडेरिक तेस्रोले यो क्याथेड्रल खोली लुथेरान पूजाआजा शुरू गरेका रहेछन त्यसको १८ वर्षपछि परेको चट्याङको कारण यस क्याथेड्रलको छाना आगलागिमा परेको र टावर क्षतिग्रस्त हुन पुगेको रहेछ जस्को झण्डै ५० वर्षसम्म पुनर्निर्माण हुन नसकी भग्नावशेषकै रूपमा बसेको रहेछ । पछि लुथेरान समुदायको ब्रेमेन र यसका वरिपरिका क्षेत्रमा जनसंख्या बढ्न गएपछि सन १६९३ मा पाँच वर्ष लगाएर यस क्याथेड्रलको पुनर्निर्माण गरी प्रार्थना कक्ष (नेभ) लाई नयाँ ग्यालेरीहरू बनाइ विस्तार गरी त्यहाँ संगीतयन्त्र अर्गान जडान गरिएको रहेछ । सन १८०३ मा ब्रेमेन हानोभर अन्तर्गतको स्वतन्त्र साम्राज्यको राजधानी बनेपछि यो क्याथेड्रललाई लुथेरानको हातबाट खोसिएको रहेछ पछि १८१० फ्रेन्च साम्राज्यले ब्रेमेनलाई आफूमा गाभेपछि क्याथेड्रलको सम्पत्ति उनीहरूले लुटलान भनेर यस क्याथेड्रललाई काल्भानिष्टहरूको बहुमत भएको ब्रेमेन शहर परिषदको जिम्मामा छाडिएको रहेछ । पछि १८७३ मा काल्भानिष्ट र लुथेरानबीच क्याथेड्रल संचालन गर्ने कुरामा सहमति भएपछि यस क्याथेड्रलले पुनर्जीवन पाएको रहेछ । त्यसपछि सन १८१७ मा नगर परिषदले क्याथेड्रल उत्तरी पर्खालको छेवछाउमा रहेका पुराना घरहरू हटाउने कार्य गरेको र १८२२ मा क्याथेड्रलको भित्री भाग सजाउने कार्य गरी नयाँ मंच (आल्टर) बनाउने कार्य भएको रहेछ ।

यसैगरी गोथिक शैलीमा रंगीन कलात्मक शिशाका झ्यालहरू जडान गर्ने, नयाँ संगीत यन्त्र (अर्गान) राख्ने कार्य भएको  रहेछ । सन १८८० तिर ब्रेमेनका नागरिकहरूले यस क्याथेड्रलको मध्यकालिन गौरव कायम राख्नुपर्छ भनी माग गरेपछि सो कार्यका लागि चन्दा संकलन अभियान संचालन भई त्यसबाट उठेको रकमबाट आम रूपमा यो क्याथेड्रलको मौलिक स्वरूप झल्किने गरी सन १८९२ मा नै जिर्णोद्धार कार्य सम्पन्न गरिएको रहेछ । त्यस क्रममा क्याथेड्रलको टावरको उचाइ अग्लाउने कार्य समेत भएको रहेछ । दोस्रो विश्वयुद्धकालमा भएको बम आक्रमणको कारण झण्डै पूर्णरूपमा नष्ट हुनबाट यो क्याथेड्रल जोगिएको रहेछ जस्को जिर्णोद्धारले सन १९८१ सम्म नै निरन्तरता पाएको रहेछ । यस क्रममा क्याथेड्रलभित्र रहेका नव विजेन्टाइन कालका धेरैजसे बहुमल्य पेन्टिङहरू लापत्ता हुन पुगेका रहेछन् ।

# १६. डा. के.आई. सिंह काण्ड

२००७ सालको 'क्रान्ति' मा डा. के.आई.सिंह भैरहवा मोर्चामा लडिरहेका मुक्ति सेनाका कमान्डर एवं नेता थिए । राणा शासनको विरोधमा उनीहरु लडिरहेकै थिए । 'दिल्ली सम्झौता' भइहाल्यो । युद्ध विरामको घोषणा पनि भयो । सो समाचार पुग्ने बित्तिकै डा.के.आई. सिंहले 'दिल्ली सम्झौता धोका हो' भन्दै त्यसको कडा विरोध गर्दै युद्धविराम मान्दैनौं भनी वक्तव्य निकाले । त्यसको केही दिनपछि नै भारतीय सेना नेपालको सिमानाभित्र प्रवेश गरी डा.के.आई.सिंह र उनको मातहतको मुक्ति सेनाका सबै जवानहरुलाई पक्राउ गरिसकेपछि डा.के.आई.सिंहको जुँगा सबै उखेलेर फाली मुखभरी थुकेर भैरहवा जेलमा हालिदियो । डा.के.आई.सिंह धेरै दिन जेल बसेनन्, जेल तोडेर आफ्ना नेतृत्वमा रहेको मुक्ति सेनाका सबै जवानहरुलाई लिई भागेर उत्तरतर्फ लागे । पाल्पा पुगेपछि डा. सिंह र उनका सहयोद्धा साथीहरुलाई शाही सेनाको डफ्फाले पक्रेर काठमाडौं चलान गर्‍यो भनी सरकारले प्रचार गर्‍यो । तर त्यो प्रचार विल्कुलै झुटा रहेछ । वास्तविक कुरा के थियो भने राजा त्रिभुवन स्वयंले डा. के.आई.सिंहलाई काठमाडौं आउन आग्रह गरी शाही सेनाको एउटा जमदारमार्फत चिठी पाल्पा पठाएका थिए । (उनको नाम अहिले मलाई याद भएन) उनलाई पनि २००८ सालको डा.के.आई.सिंह काण्डकै सिलसिलामा पक्राउ गरी हामीहरु बसेको नख्खु जेलमा थुनेको थियो । र उनैले मलाई यो सब कुरा भनेका थिए । राजाको पत्र पढेपछि डा.के.आई.सिंह काठमाडौं आउन राजी भई काठमाडौं आएका थिए तर काठमाडौं पुग्नासाथ पक्रेर सिंहदरबारस्थित रक्षा दलको ब्यारेकमा थुनेका थिए ।

'दिल्ली सम्झौता' को कडा विरोध गरेको भारतीय सेनाले पक्री भैरहवा जेलमा हालेको




■ शम्भुराम श्रेष्ठ

र धोका दिएर पक्राउ गरी थुनेको आदि कारणले गर्दा डा.के.आई. सिंह एकैचोटि देशव्यापी एक वीर एक क्रान्तिकारीको रुपमा चर्चामा आए । पछि मुक्ति सेनाले गरेको विद्रोह वा के.आई.सिंह काण्ड वास्तवमा डा.के.आई.सिंहको नामसँग जोडिएकै कारणले मात्र के.आई.सिंह काण्ड भनिएको हो । त्यो काण्ड के.आई.सिंहको नेतृत्वमा विल्कुलै भएको थिएन । त्यो त वास्तवमा रामप्रसाद राईको अगुवाईमा नेपाली कांग्रेसको सरकारविरुद्ध र त्यसमा पनि विशेष गरी कोइराला बन्धुहरु विरुद्धको मुक्ति सेनाका जवानहरुको विद्रोह थियो । त्यो वास्तवमा दिल्ली सम्झौताभन्दा कोइराला बन्धुहरुको विरोधमा असन्तुष्ट मुक्ति सेनाका जवानहरुको आक्रोशको रुपमा अभिव्यक्त भएको विद्रोह थियो ।

के.आई.सिंह काण्ड नेपाली कांग्रेसको एकलोटी सरकार अर्थात् मातृका कोइरालाको पालामा २००८ साल माघ महिनाको पहिलो हप्तामा भएको थियो । त्यो काण्ड हुँदा म काठमाडौं उपत्यकामा थिइन, अखिल नेपाल किसान संघको पहिलो राष्ट्रिय सम्मेलनको तयारीको सिलसिलामा म रौतहटमा थिएँ । काम सकेर फर्किंदा थानकोटमा पक्राउ परेँ ।

म नख्खु जेल पुग्दा त्यसको ठीक अघिल्लो दिन त्रिशुली नदीपारि क्यामोफ्लेजको निम्ति राखिएका मुक्ति सेनाका ६० जना जवानहरुलाई शाही सेनाले पक्राउ गरी त्यहाँ ल्याई पुर्‍याएको रहेछ, जसमध्ये का.एकदेव आले मगर र शेरबहादुर राई पनि थिए । यीबाहेक रामप्रसाद राईकै सहयोगी मुगाधन राई र एमए पास गरेका एकजना लिम्बू सुब्बा पनि थिए (उनको नाम अहिले मलाई सम्झना भएन) त्यस काण्डको सिलसिलामा पक्राउ परेकाहरुमध्ये सबका सबलाई नै नख्खु जेलमा राखिएका थिए जसमध्ये ९० प्रतिशतभन्दा बढी कम्युनिस्ट पार्टीका सदस्य तथा समर्थकहरु थिए र केही प्रजा परिषद्का र एकजना (रेग्मी समूह) को राष्ट्रिय कांग्रेसको सदस्य थियो । प्रजा परिषद्का सदस्यहरुमा पाटनका जुजुभाइ जोशी, रत्नप्रसाद खरेल र बालमुकुन्दजी उल्लेखनीय थिए । दिवाकर भाजु (राजभण्डारी) नेपाल युवक संघका नेता एवं कम्युनिस्ट पार्टीका समर्थक थिए । कम्युनिस्ट पार्टीका सदस्यहरुमा मबाहेक, पाटनका हरिबहादुर खड्गी, चैतन्य झा, ज्यानबहादुर शाक्य, काइँला बा (देवेन्द्रलाल) आदि दिए । उसैगरी काठमाडौंका गौरीलाल श्रेष्ठ (का.पुष्पलालका भाइ) पी.एन. राणा, काठमाडौं नेटपाचो बस्ने सानुबाजे (गोपाल प्रसाद) लम्साल (यो पार्टीको हेडक्वाटरमा कार्यरत एक सक्रिय कार्यकर्ता, जो मलाई जेलमा दिनहुँ अखबारहरु पुर्‍याउने भएकाले पक्राउ परेका थिए) र बटुकनाथ पन्त आदि थिए । हामीहरु सबैलाई सुरक्षा ऐनअन्तर्गत पक्राउ गरी थुनेका थिए ।

नेपाली कांग्रेसका सभापति मातृकाप्रसाद कोइरालाले २००८ सालको प्रारम्भदेखि नै नेपालमा कम्युनिस्ट खतरा एकदमै बढेको छ र त्यसलाई नियन्त्रण गर्न अत्यावश्यक भइसकेको छ भनी जोडतोडले प्रचार गर्दै बोल्न थालेका थिए र केआई सिंह काण्डबाट नेपाल कम्युनिस्ट पार्टीमाथि बिना कुनै अरु काण्डसित जोडेर मातृकाप्रसाद कोइरालाले (त्यस समय उनी नेपाली कांग्रेसको एकलौटी सरकारको प्रधानमन्त्री भइसकेका थिए) प्रतिबन्ध लगाउने निहुँ भेट्टाए ।

मुक्ति सेनाका जनताहरु लगायत हामीहरु जति जना थियौं, सबैको एउटै मेसको व्यवस्था गरायौं । सबैको एउटै भान्सा भएको सबैले ग्रुप ग्रुपमा विभाजित भएर काम गर्ने व्यवस्था मिलाइएको थियो- यहाँसम्म कि अलि अलि तरकारी खेती समेत गरिन्थ्यो ।

नख्खु जेलमा दिनहुँ कामरेडहरुलाई पार्टी क्लास (अर्थात् मार्क्सवाद-लेनिनवादका क्रान्तिकारी सिद्धान्तहरुबारे) लिन्थे । उक्त पार्टी क्लासमा पार्टी कामरेडहरुबाहेक त्रिशुली नदी पारिबाट पक्राउ गरी ल्याइएका मुक्ति सेनाका प्रायः सबै जवानहरु र प्रजापरिषद्का सदस्यहरु सामेल हुन्थे । फलतः मुक्ति सेनाका ती जवानहरुमध्ये ९५ प्रतिशतभन्दा बढीले कम्युनिस्ट पार्टीमा प्रवेश गरे । का.शेरबहादुर राई त पार्टीको दोस्रो महाधिवेशनमा अविभाजित पार्टीको केन्द्रीय कमिटीका सदस्य चुनिए र का.एकदेव आले चाहिँ पुष्पलाल समूहको केन्द्रीय सदस्य भए । यीबाहेक डा.केआई.सिंहसँगै चीनबाट फर्किएकाहरुमध्ये धेरैले कम्युनिस्ट पार्टी ज्वाइन गरे भने डा.के.आई. सिंहको नेतृत्वमा रहेको मुक्ति सेनाका प्रमुख कमान्डर खड्गबहादुर समेत कम्युनिस्ट पार्टी सदस्य बराबरका समर्थक बने । साँच्चै भन्ने हो भने डा.के.आई.सिंहको मातहतमा रहेको भैरहवा मोर्चाका प्रायः सबै जवानहरु नै कम्युनिस्ट पार्टीका सदस्य भएका थिए । डा.के.आई.सिंह खुद आफैं मातहतको डफ्फामा एक्लो पर्न गएको थियो । नेपाल प्रजापरिषद्का सदस्यहरु पनि (अर्थात् त्यस समय नख्खु जेलमा परेकाहरु) औपचारिक रुपले प्रजापरिषद्कै सदस्य रहे भने वास्तविक रुपले कम्युनिस्ट पार्टीका सदस्य सरहकै समर्थक थिए । *(क्रमशः)*

## स्वास्थ्य — बिरे नुनका फाइदैफाइदा



मानिसलाई स्वस्थ राख्न नुनको ठूलो भूमिका हुन्छ । यसबाट शरीरलाई सोडियम र क्लोराइड तत्व प्राप्त हुन्छ । सोडियम नसा र मांशपेशी सञ्चालन तथा तन्दुरुस्त राख्न अति आवश्यक पर्छ । तर, उच्च रक्तचाप तथा 'हाइपर टेन्सन' बिरामीका लागि नुन बढी सेवन गर्नु हानिकारक हुन्छ । किनकि नुन बढी भएमा मिर्गौला, मुटु र रक्तचापसमन्धी रोग बढ्ने खतरा हुन्छ।

'काँचो नुन खानु हुँदैन, नुन बढी खानु हुँदैन, नुनले मिर्गौला बिगार्छ ।' नुनका विषयमा अक्सर यस्तै टिप्पणी सुनिन्छ । त्यसो भए कति खाने त नुन ? नुन प्रयोगबारे विज्ञहरू यो भन्छन्

एउटा स्वस्थ व्यक्तिले दैनिक सबै खानामा गरी १० ग्राम अर्थात् दुई चिया चम्चा नुनको प्रयोग गर्न सक्छन् । उच्च रक्तचाप, मधुमेह, मुटु, मिर्गौला, कलेजोको सिरोसिस भएका बिरामीहरूले भने दैनिक पाँच ग्राम अर्थात् एक चिया चम्चा मात्र सेवन गर्न सक्छन् । यस्ता बिरामीलाई नुनले झनै रोग बढाउने सम्भावना हुने भएकाले कागती पानी, प्रशोधित अचार, दालमोठ, बिस्कुट या लेजजस्ता खाने कुराहरू खान नहुने त्रिवि शिक्षण अस्पतालकी पोषणविद् नानी शोभा शाक्य बताउँछिन् ।

चिकित्सका अनुसार नुनको प्रयोग बढी भएमा मिर्गौलामा पत्थरी हुने र रक्तचाप बढ्ने समस्या आउँछ । रक्तचाप वृद्धि भएकै कारण मुटुसम्बन्धी विभिन्न रोग लाग्ने चिकित्सक बताउँछन् ।

नेपाली बोलीचालीमा बीरे नुन भनिने कालो नुनलाई घरेलु औषधीको रुपमा प्रयोग गर्ने चलन पूरानै हो । पेट दुख्दा या ग्याष्ट्रिक हुँदा यसको प्रयोग गर्ने गरिएको छ । यसमा आइरन, सल्फ्युरसजस्ता कयौं खनिज पदार्थ पाइन्छ । यसमा सेतो नुनको तुलनामा सोडियमको मात्रा पनि कम हुन्छ । यसैले यसले शरीरमा सोडियमको स्तर बढाउँदैन ।

**जानौं कालो नुनका फाइदाहरू**

**१. तौल घटाउन उपयोगी**

कालो नुनले तौल घटाउन पनि मद्धत गर्छ । शरीरमा पाचन प्रक्रिया ठीक हुन्छ भने खानामा भएको पोषक तत्व शरीरले राम्ररी लिन पाउछ । स्वादिलो हुने भएकाले यो नुन निरन्तर प्रयोग गर्न सकिन्छ ।

त्यसका लागि एक गिलास पानीमा एउटा कागती निचोरेर हाल्ने र स्वाद अनुसारको नुन मिसाउन सकिन्छ । यसले शरीरमा बोसो जम्मा हुन दिँदैंन । गर्मीका बेला तिर्खा लाग्दा दिनको तीन चारपटक कालो नुन खान सकिन्छ ।

**२. मधुमेहमा लाभकारी**

कालो नुनमा सोडियम कम हुन्छ । यसले ब्लड सुगरलाई नियन्त्रित गर्छ । यसैले मधुमेहका बिरामीका लागि कालो नुन उपयोगी हुन्छ । मधुमेह सुरुवाती अवस्थामा छ भने त कालो नुनको प्रयोगले ठीक पनि हुन सक्छ । सोडियम कम हुने भएकाले मुटु र मिर्गौला रोग लाग्ने सम्भावना पनि कम हुन्छ ।

**३. भोक बढाउँछ**

कालो नुनको प्रयोगले भोक बढाउँछ । खाना सजिलै पच्छ । यसैले शरीरले उर्जालाई राम्रोसंग प्रयोगगर्न पाउँछ । यदि कम भोक लाग्ने समस्या छ भने कालो नुनमा सलाद, दही, मोही, कागतीपानी संगै प्रयोग गर्न सकिन्छ । यसबाट शरीर पनि स्वस्थ राख्न सकिन्छ र सोडियमको मात्रा पनि बढ्दैन ।

**४. जोर्नी दुख्दा**

मांसपेशी र जोर्नी दुख्दा बीरे नुनले सेक्ने हो भने निको हुन्छ । यसका लागि एउटा कपडामा थोरै नुन बाँध्नुपर्छ । यसलाई तातो बनाएर दुखेको ठाउँमा दिनको दुईपटक सेक्ने हो भने तत्काल राहत मिल्छ ।

**५. अपच हुँदा**

अपच हुँदा बीरे नुन अर्थात् कालो नुन लाभदायी हुन्छ । यसले मुखको ग्रन्थी सक्रिय बनाइदिन्छ । पेटमा हाइड्रोक्लोरिक एसिड र प्रोटीनलाई पचाउने इन्जाइम बढाउन मद्धत गर्छ । अपच, कब्जियत, एसिडीटीमा एक गिलास पानीमा कागतीको रससंगै यो नुन हालेर पिउनाले राहत मिल्छ ।

१. यो सजिलै शरीरमा समायोजन हुनसक्ने भएकोले यसले डिहाइड्रेशनबाट बचाउँछ ।

२. शरीरमा पानीको मात्राको पूर्तिगर्नुका साथै शरीरमा स्फुर्ति ल्याउन भुमिका खेल्छ ।

३. रगतमा चिनीको मात्रा पुरागर्नुका साथै शरीरमा चिनीरोगको बिकास हुन दिदैन ।

४. यसले पाचन प्रक्रियामा सुधार ल्याउँछ ।

५. शरीरमा एसीड तथा फासफोरसको मात्रालाई सन्तुलनमा ल्याउँछ ।

६. नियमित रुपमा यो नुन प्रयोग गर्नाले छाला चाउरीन पाउँदैन । साथै छालामा दुख दिने खटिरा तथा डण्डीफोर आउन पाउँदैन ।

७. स्वासप्रश्वास संबन्धी समस्याहुनेहरुका लागि यो बिरेनुनको प्रयोग अति लाभदायक हुन्छ ।

८. बढ्दो उमेरका केटाकेटीहरुका लागि यसले हड्डी बलियो बनाउन मद्धत पुर्याउँछ ।

९. टाउकोको कोषिकाहरुलाई पुनर्जिवित बनाउनुका साथै एकाग्रतामा सुधार ल्याउनुका साथै मीठो निन्द्रा निमत्याउँछ ।

१०. मांसपेशीलाई बलियो बनाउँछ ।

११. रक्तसंचारमा सुधार ल्याउँनुका साथै रगतलाई प्रदुशित हुनबाट जोगाउँछ ।

१२. यसले रगतलाई सफा पार्नुका साथै शरीरमा विषादी प्रवेश गर्न दिदैन ।

१३. यसले कलेजो तथा किडनीलाई बलियो बनाउँछ ।

१४. पिनास, घाँटीदुखेको तथा दम रोगमा यसको धुलो सुँघेमा रोग निदान हुन्छ ।

१५. शरीरको संपुर्ण शक्ति, मुड तथा सकारात्मक बिचारको बिकासमा यसको देन प्रशंसनिय छ ।

# जर्मनी : चम्किलो देशमा रन्किलो स्वभाव-६

नियात्रा संस्मरण

**घनश्याम राजकर्णिकार**



**बियर जर्मनीको पर्यायवाची**

जर्मनी र बियर एकअर्काका पर्यायवाची भनेमा अत्युक्ति नहोला । यहाँका हरेक पब, बार, रेस्टुराँमा जता हेर्‍यो उतै पिइरहेका मानिसहरू देखिन्छन् । यहाँका मानिसको बियर पिउने क्षमता देख्दा म दङ्ग परेको छु । एक जनाले एकै ठाउँमा बसेर चार-पाँच लिटरसम्म बियर घटघट घुट्क्याएको देखेको छु । सालाखाला एक जना जर्मनले एक दिनमा जति बियर पिउँछ त्यति एक जना नेपालीले पानी, चिया, कफी पनि पिएको हुँदैन । तर कुरा के हो भने जर्मनहरू बियर मजाका लागि पिउँछन्, नशाका लागि होइन । बियरका साथै जर्मनीमा रक्सीको पनि ठूलो खपत छ । तर प्रशंसनीय कुरा के लाग्यो भने जतिसुकै गिलास धोकिसकेका जँडचाहाहरू पनि बेकार बकबक कराएर वा बाभ्न निहुँ खोजेर हिँडेको कतै देखिनँ र त्यस्तै हामीकहाँ जस्तो कुकुरले मुखमा सुची गरे पनि चाल नपाउने गरी बेहोस भएर लडिरहेको पनि कतै देखिएन । पेरिसमा भने दुई-चार ठाउँमा जँडचाहा बूढाहरू कुनाकाप्चामा लम्पसार परेर सुतिरहेका तथा घोप्टो परिरहेका देखेँ । तर जर्मनीको एक ठाउँमा भने एउटा जँडचाहाले मलाई झन्डै बिताएको ! हाइडलबर्गमा साँझतिर बियरको चुस्की लिन एउटा पब-बारमा घुसेको थिएँ । यसो हेर्दा अधबैंसे जर्मनहरूको मात्र खचाखच थियो । तिनीहरू कतै कारखानाका कामदार वा निर्माणस्थलका ज्यामीहरूजस्ता थिए । तिनीहरूको लवाइ र बोलाइको ढङ्ग देख्दा, तल्लो तहका जस्ता देखिन्थे । आफू त एक-दुई गिलास बियरले नै धीत मार्न खोज्ने,



त्यसैले पिउन सिद्धचाई उठेर यसो जान लाग्दा एक जना जर्मनको खुट्टामा अल्झन पुगेछु । मेरो जुत्ताले उनको नलीखुट्टाको हाडमा छुन पुगेजस्तो लाग्यो । आफ्नो गल्ती स्वीकार गर्दै मैले 'इन्सुल्डिङ जी विट्ट' (कृपया माफ गर्नुस्) भनेँ । तर ऊ त फतफताउन पो थाल्यो, केके फलाकेको हो त्यो त थाहा पाइनँ तर गाली गर्दै निहुँ खोजेको प्रष्ट थियो । म हाँस्दै यसो के जान लागेको थिएँ, मेरो हात च्याप्प समातेर मलाई केके हो भन्न लाग्यो, जुरुक्क पनि उठ्यो । अरू बसिरहेका जर्मनहरूले 'भैगो, यसले देखेनछ, भैगो, भैगो' भनिदेलान् जस्तो लागेको तर बज्रस्वाँठजस्ता तिनीहरू कसैले केही भनेनन् । म त छक्क पर्दै ङिच्च हाँस्दै थिएँ । त्यस बेला ईश्वरको अनुकम्पाले त्यस पबका मालिक त्यतातिर आइरहेको बेला पर्‍यो र उसले पहिले सम्झाएर पछि डाँटेर चुप लगाइदिए । नत्र आफ्नो के गति हुने थियो दैव जानोस् ! जर्मनीजस्तो महान् सभ्य धनी देशका कामदारहरूको बौद्धिक धरातल हाम्रा यहाँका भन्दा सप्रेको हुँदो रहेनछ भन्ने कटु अनुभव मैले यो घटनाबाट थाहा पाएँ ।

**प्रशिक्षण गोष्ठी : एक नौलो अनुभव**

प्रशिक्षणको क्रममा जर्मनीको हैनोभर सहरमा भएको दुईहप्ते गोष्ठीमा विचार-विमर्श गर्ने रमाइलो अवसर पाइएको थियो । यसै बेला प्रसङ्गवश जर्मनीको ऐतिहासिक घटनाक्रमको विषयमा तथ्यपूर्ण विवेचना राम्ररी सुन्न र बुझ्न पनि पाएँ । विभिन्न देशबाट आएका तेह्र जना प्रशिक्षार्थीको उक्त गोष्ठीमा प्रत्येकले आआफ्नो देशसम्बन्धी तथ्यपूर्ण कार्यपत्र प्रस्तुत गर्नुपर्ने बाध्यता थियो । मैले 'नेपालमा औद्योगिक व्यवस्थापन : एक नयाँ आयाम' भन्ने कार्यपत्र तयार पारी प्रस्तुत गरेको थिएँ । भारतको दिल्लीनिवासी एस्.लालले आफ्नो पाण्डित्य छाँट्न लामो कार्यपत्र पेस गर्दा सबैलाई उराठ लागेको थियो र केहीले उनलाई हुनसम्म खिल्ली उडाइ दिल बहलाउन खोजेका थिए । कुनैकुनै अफ्रिकी प्रशिक्षार्थीहरू त गफाडी बन्दै चाहिने-नचाहिने मात्र लेखेर पनि काम पटचाउँथे । श्रीलङ्काका प्रशिक्षार्थीद्वारा प्रस्तुत कार्यपत्र भने नमुनालायकको थियो । वस्तुतः यस गोष्ठीमा मैले आठ-दसओटा विकासोन्मुख मुलुकका औद्योगिक गतिविधिबारे नौला तथ्यहरूको जानकारी पाएँ । गोष्ठीसञ्चालक प्रबुद्ध विज्ञहरूमध्ये मलाई गुन्टर मायरको 'उद्योगमा व्यवस्थापन तथा सङ्गठनात्मक विकास : एक अध्ययन' विषयको पत्र ज्यादै रोचक तथा ज्ञानबर्धक लाग्यो । मायरको भनाइअनुसार कुनै पनि उद्योगका व्यवस्थापकले प्रतिस्पर्धाको सामना गर्नुपरेको हुन्छ र यस प्रतिस्पर्धामा अक्सर आफ्नो वस्तुको मूल्य घटाएर प्रतिद्वन्द्वीलाई उछिनेर जाने गरेको हुन्छ, तर स्वस्थ औद्योगिक विकासका निमित्त आफ्नो मालसामानको मूल्य घटाएर प्रतिस्पर्धा गर्नु त्यत्तिकै हानिकारक हुन्छ जतिको आफ्नो बन्चरोले आफ्नै घुँडामा हान्नु ।

**जर्मनी : एक विहङ्गमदृष्टि**

बाह्र दिनसम्म चलेको उक्त कार्यशालागोष्ठीमा एक दिन (फाल्टु हुन गएकाले) स्मिथबाट 'जर्मनी : एक विहङ्गमदृष्टि' भन्ने शीर्षकमा जर्मनीको घटनापूर्ण इतिहासको केही अंशबारे रमाइलो प्रवचन भएको थियो । इतिहासको सामान्य पाठक मात्र भए पनि जर्मनीमा बितेका घटनाहरू यस प्रवचनबाट अवगत गर्न पाउँदा नूतन ज्ञानको आभास भएको थियो । जर्मनीमा विश्व आर्थिक अवनतिबाट हिटलरको उदय, लगत्तै जर्मनीको उत्थान अनि दोस्रो विश्वयुद्धको आगमन त्यसपछि जर्मनीको पतनबारे त्यसबेला सँगालिएका केही प्रसङ्गहरूलाई छोटकरीमा यहाँ प्रस्तुत गर्नु अप्रासङ्गिक हुने छैन ।

सन् १९२९ मा संयुक्त राज्य अमेरिकाबाट शुरु भएको आर्थिक अवनति विस्तृत हुँदै युरोपीय औद्योगिक राष्ट्रहरूमा समेत छाउन पुगेछ । बीसौँ शताब्दीमा दश वर्षसम्म चलेको त्यो विश्व आर्थिक अवनति (न्चभबत म्भउचभककष्यल) अमेरिकालगायत युरोपेली औद्योगिक राष्ट्रहरू सबैलाई मुद्रास्फीति, आर्थिक मन्दता, उद्योगहरू बन्द, वेराजगारी जस्ता समस्याले हुनसम्म थिचेछन् । यसैताका जर्मनीलाई पनि ठूलो आर्थिक धक्का पुगेछ, जसबाट साठी लाख जर्मनहरू वेरोजगार भएछन् । यसैबेला जर्मनीमा तथाकथित सुधारवादको मुकुन्डो लगाउने हिटलरको उदय भई उसले सन् १९३३ मा जर्मनीमा दह्रो जग बसालेछन् । तर 'म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो' भनेझैँ केके न चमत्कारपूर्ण सुधार ल्याउलान् भनी विश्वास गरेका जर्मनहरू देशमा हिंसा, आतङ्क, बलात्कार, अत्याचारको बोलबाला भएको देख्दा अक्क न बक्क भएछन् । *(क्रमशः)*

बालबालिकामाथि हुने हिंसा, शोषण भएको, जोखिमपूर्ण अवस्थामा रहेको वा बाल अधिकारको उल्लंघन भएको छ भने बाल हेल्पलाइनको पैसा नलाग्ने फोन नं १०९८ मा खबर गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# आफ्नो आदेशबाट किन पछि हटे ट्रम्प ?



विष्णु भट्टराई

तेहरान । इरानी आणविक अस्त्र प्रणालीमा अमेरिकाले साइबर हमला गरेको समाचार सार्वजनिक भएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले हवाई आक्रमण गर्ने निर्णय फिर्ता लिएलगत्तै अमेरिकाले इरानी अस्त्र प्रणालीमा साइबर हमला गरेको जनाइएको छ ।

अमेरिकी साइबर हमलाले इरानी रकेट तथा क्षेप्यास्त्र नियन्त्रण गर्ने कम्प्युटर प्रणालीलाई निसाना बनाएर तिनलाई विफल तुल्याइदिएको वासिङ्टन पोस्टले उल्लेख गरेको छ । इरानले अमेरिकी ड्रोनलाई गोली हानी खसाल्नुका साथै खाडीको जल क्षेत्रमा तेल ट्यांकरमाथि हमला गरेको भन्दै अमेरिकाले इरानी परमाणु हतियार प्रणालीमाथि हमला गरेको बताइएको छ ।

अमेरिकी आक्रमणबाट इरानी अस्त्र प्रणालीमा क्षति पुग्यो या पुगेन भन्नेबारे कुनै पुष्टि भने भएको छैन । अमेरिकाले इरानमाथि थप प्रतिबन्ध लगाउने बताइरहेका बेला यो घटना बाहिर आएको हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आणविक हतियार निर्माण गर्ने इरानी नेताको मनस्थिति परिवर्तन नभएसम्म कडा प्रतिबन्ध लगाउने घोषणा गरेका छन् ।

इरानविरुद्ध अमेरिकाले लगाएका प्रतिबन्ध महत्वपूर्ण भएको ट्रम्पको दाबी छ । इरानलाई परमाणु अस्त्र बनाउनबाट रोक्न ती कदम चालिएको उनले उल्लेख गरेका छन् । इरान र अमेरिकासहितका शक्ति राष्ट्रबीच सन् २०१५ मा भएको परमाणु सम्झौताबाट अमेरिका पछि हटेपछि अमेरिका र इरानबीच तनाव चुलिएको छ ।

अमेरिकी प्रतिबन्धका कारण इरानको आर्थिक क्षेत्रमा ठूलो क्षति पुगेको छ । अर्थतन्त्रको सबैभन्दा ठूलो माध्यम रहेको इरानी तेल बेच्न अमेरिकाले नदिनुका साथै इरानसँग व्यापार गर्ने मुलुकमाथि समेत प्रतिबन्धको धम्की दिएका कारण इरानको तेल व्यापारमा ठूलो गिरावट आएको छ । गत साता इरानले आफ्नो परमाणु अस्त्र कार्यक्रम अघि बढिरहने बताएको थियो ।

ट्रम्पले इरानसँग युद्ध नचाहेको तर कुनै द्वन्द्व भएमा इरानलाई 'सखाप' पारिदिने चेतावनी दिएका छन् । समाचार सूत्रलाई उद्धृत गर्दै अमेरिकी सञ्चारमाध्यमले इरानी अस्त्र प्रणालीमाथि केही साताअघि नै आक्रमणको योजना बनेको बताएका छन् । ओमानको खाडीमा तेल बोक्ने ट्यांकहरूलाई निसाना बनाउँदै आक्रमण भएपछि इरानमाथि आक्रमणको योजना बनेको बताइएको छ । ती आक्रमणले अमेरिकी ड्रोन र खाडीमा ट्यांकरलाई आक्रमण गर्ने इरानको इस्लामिक रेभोल्युसनरी गार्ड कोरले प्रयोग गर्ने अस्त्र प्रणालीलाई निसाना बनाएको दाबी गरिएको छ । वासिङ्टन पोस्ट र समाचार संस्था एपीले साइबर आक्रमणले इरानी कम्प्युटर प्रणालीलाई काम नलाग्ने तुल्याइदिएको दाबी गरेको छ ।

न्यु योर्क टाइम्सका अनुसार ती आक्रमणले कम्प्युटर प्रणालीलाई निश्चित अवधिका लागि अफ लाइन अर्थात् सम्पर्कविहीन बनाइदिएको थियो । अमेरिकी गृह मन्त्रालयले इरानले अमेरिकी कम्प्युटर प्रणालीमा साइबर आक्रमण गर्ने प्रयास गरिरहेको आरोप लगाएको थियो । वासिङ्टन पोस्टले इरानले अमेरिकी जलसेनाका जहाजका कम्प्युटर प्रणाली ह्याक गर्ने प्रयास गरेको उल्लेख गरेको छ । अमेरिकाले इरानी साइबर प्रणालीमाथि हमला गरेको बताए पनि राष्ट्रपति ट्रम्पले यस विषयमा केही उल्लेख गरेका छैनन् । यसअघि उनले इरानमाथि आक्रमणको निर्देशन दिएर पनि पछि हटेका थिए । उनले इरानमा १ सय ५० जनाको ज्यान जाने जोखिम रहेकाले आफूले गर्न लागेको परम्परागत सैन्य आक्रमणको योजनालाई त्यागेको प्रतिक्रिया दिएका थिए ।

शनिबार मात्रै उनले आफू इरानसँग वार्ता गर्न तयार रहेको बताउँदै उसले आणविक कार्यक्रम त्यागे अमेरिका र इरानबीच मित्रता हुन सक्ने बताएका थिए । उनले भने, 'यदि इरान समृद्ध देश बन्न चाहन्छ भने मलाई उचित लाग्नेछ । तर, पाँच-छ वर्षमा परमाणु अस्त्र बनाएर आफू समृद्ध हुन्छु भनेर इरानले नसोचे पनि हुन्छ ।'

आफ्नो पुरानो चुनावी नाराकै शैलीमा उनले भने, 'इरानलाई फेरि ठूलो बनाऔं ।' गत वर्ष अमेरिकाले इरानको ऊर्जा, जलयातायात र वित्तीय क्षेत्रमा प्रतिबन्ध लगाएपछि वैदेशिक लगानी ठप्प भएको छ । जसका कारण इरानको तेल निर्यातसमेत नराम्ररी प्रभावित भएको छ । प्रतिबन्धका कारण कुनै पनि अमेरिकी कम्पनीले इरानसँग व्यापार गर्न पाएका छैनन् । उनीहरूले इरानसँग कारोबार गर्ने विदेशी कम्पनीसँग पनि व्यापार गर्न नपाउने गरी नियम बनाइएको छ । त्यसले गर्दा इरानमा विदेशी सामानको प्रयोग गरी बनाइने सामानको चरम अभाव छ ।

यतिबेला फेरि अमेरिका इरान तनाव चुलिएको छ । सन् २०१५ मा तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाको पालामा इरानको परमाणु कार्यक्रम रोक्ने र इरानमाथिको प्रतिबन्ध फुकुवा गर्नेगरी भएको सम्झौता डोनाल्ड ट्रम्पले खारेज गर्दै मध्यपूर्वमा सैनिक तैनाथी बढाएपछि यो क्षेत्र फेरि युद्धको त्रासदीमा परेको छ । इरानले आफ्नो आणविक कार्यक्रम पुनः अघि बढाएको छ । यतिबेला अमेरिका बेलगाम जस्तो जताजतै हमलाका अशिष्ट शब्द ओकलेर हिँडिरहेको छ । यसैको पछिल्लो एउटा उदाहरण हो, इरान-अमेरिका तनाव ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पमा निकै अनुदार, हठी र मुढेबलमा काम गर्न खोज्ने प्रवृत्ति देखिँदै आएको छ । उनले देशभित्र र बाहिरसमेत आन्तरिक राजनीतिक र अन्य राष्ट्रसँग कूटनीतिक तवरले समस्या हल गर्ने होइन कि हतियार र सेनाको बलमा प्रभुत्व कायम गर्न खोज्ने प्रवृत्ति देखिन्छ । उनले आफू राष्ट्रपति भएदेखि नै मुस्लिम राष्ट्रलाई निशाना बनाउँदै आएका छन् । सके मुस्लिम राष्ट्रलाई झुकाएर आफ्नो एजेन्डामा ल्याउने र नसके बन्दुकको भाषा बोल्ने उनको रोग अनौठो छताछुल्ल भइसकेको छ । इरानसँग भएको परमाणु सम्झौता रद्द गरेर ट्रम्पले पुनः तनावको सिर्जना गरे र अहिले त्यही इरानमाथि सैनिक कारबाहीको नाटक मञ्चन गर्न खोजिरहेका छन् ।

त्यसकै पछिल्लो उदाहरण हो, सेनालाई इरानमाथि आक्रमणको आदेश दिनु । उनले इरानमाथि हमला गर्न सेनालाई स्वीकृति दिए । ट्रम्पको यो स्वीकृतिले मध्यपूर्वमा युद्धको बादल मढारिने प्रस्ट थियो । तर, तत्काल आक्रमण नगर्न पुनः आदेश दिएपछि त्यो अवस्था हाललाई टरेको छ । अमेरिकाले इरानका केही स्थानलाई निशाना बनाउने योजना बनाएको ह्वाइट हाउसका वरिष्ठ अधिकारीलाई उद्दृत गर्दै द न्यूयोर्क टाइम्सले उल्लेख गरेको छ । तर, अमेरिकोको यो योजना परिपक्व नभइसकेका कारण ट्रम्पले अमेरिकी सेनालाई तत्काल युद्धमा पठाएनन् । दुई दिनअघि मात्रै इरानले अमेरिकी ड्रोन खसालेपछि इरान अमेरिका तनाव झनै बढेको हो । इरानले जमिनबाट क्षेप्यास्त्र प्रहार गरेर अमेरिकी सेनाको एउटा ड्रोन खसालिदिएको थियो ।

इरानले आफ्नो आकाशमा आएकाले ड्रोन खसालेको बताएको छ भने अमेरिकाले ड्रोन अन्तर्राष्ट्रिय आकाशमै रहेको बेला खसालिएको बताएको छ । न्युयोर्क टाइम्सले इरानमाथि आक्रमणको अमेरिकी योजनाबारे समाचार प्रकाशित गरेको थियो । त्यसलाई अन्य सञ्चारमाध्यमले पनि फलो गरे ।

राष्ट्रपति ट्रम्पको आदेशपछि अमेरिकी सेना र कूटनीतिज्ञहरू इरानका राडार र क्षेप्यास्त्र ब्याट्री भएका स्थानमा आक्रमण हुने अपेक्षामा थिए । न्युयोर्क टाइम्सले भनेको छ, 'हवाइजहाज उडिरहेका थिए, जहाज आवश्यक स्थानमा थिए, तर पछाडि हट्ने आदेश आएकाले कुनै क्षेप्यास्त्र प्रहार भएन ।' इरानमाथि शुक्रबार बिहानसम्ममा आक्रमण गरिसक्ने करिब-करिब निश्चितजस्तै थियो । तर, अब हमला फेरि हुने वा नहुने स्पष्ट छैन । ह्वाइट हाउस र रक्षा मन्त्रालय पेन्टागनले यसबारे कुनै प्रतिक्रिया दिएका छैनन् । यद्यपि ट्रम्पको त्यो आदेशले मध्यपूर्वमा तत्काल युद्धको ज्वाला दन्किनबाट जोगिएको छ ।





अमेरिकी ड्रोन स्ट्रेइट अफ होर्मुजमा इरानको इस्लामिक रिभोल्युसनरी गार्डस कोर (आईआरजीसी)ले खसालिदियो । मानवरहित ड्रोन विमान आफ्नो हवाई क्षेत्रमा आएकाले खसालिएको इरानले बताएको छ । उसले ड्रोनका टुक्रा आफ्नो समुद्री क्षेत्रबाट बटुलेको पनि बताएको छ । अमेरिकाले भने अन्तर्राष्ट्रिय आकाशमै रहेका बेला ड्रोन खसालेको आरोप लगाएको छ । इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिवले बुधबार मात्रै तेहरानले आफ्नो आकाशमा बिनाअनुमति उडान हुन नदिने बताएका थिए । सोमबार अमेरिकी रक्षा मन्त्रालयले इरानी सुरक्षाबलको व्यवहार 'उत्तेजक' भएको भन्दै थप १ हजार सैनिक खटाउने निर्णय गरेको थियो । अमेरिकाले अमेरिकी वायुसेवालाई इरानी आकाशनजिक जहाज नउडाउन आकस्मिक निर्देशन दिएको छ । घटना यति मात्रै होइन गत साता मात्रै ओमाननजिकैको सामुद्रिक इलाकामा दुईवटा तेल ट्यांकरमा आगो लागेको थियो । सो घटनामा पनि इरानको हात रहेको अमेरिकाले आरोप लगाएको थियो । यी सबै पृष्ठभूमिमा फेरि एकपटक इरान र अमेरिका आमने सामुने हुने खतरा पैदा भएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आक्रमणका लागि आदेश दिएर पछि हटेका छन् । उनले ड्रोन खसाल्ने इरानको कमद भयंकर गल्ती भएको तर त्यो जानीजानी नभएको हुन सक्ने टिप्पणी गरेका छन् । 'ड्रोन खसाल्ने काम सायद केन्द्रीय आदेशबिना कोही मूर्खले गरेको हुन सक्छ । तर, त्यो काम ठूलो गल्ती हो,' उनले भनेका छन्, 'ड्रोन अन्तर्राष्ट्रिय जल क्षेत्रमा थियो । यो केवल शब्द मात्र होइन यसबारे पूरै वैज्ञानिक दस्तावेज हामीसँग छ ।'

इरानले अमेरिकी ड्रोन खसालेको स्वीकार गरिसकेको छ । उसले मानवरहित ड्रोन विमान आफ्नो हवाई क्षेत्रमा आएपछि खसालिएको बताएको छ । तेहरानले अमेरिकी ड्रोन आफ्नो हवाई क्षेत्रमा घुसेकाले जानाजान नै त्यसलाई खसालिदिएको बताएको छ । संयुक्त राष्ट्रसंघका लागि इरानका राजदूत माजिद तख्त राभान्चीले ड्रोन विमान स्पष्ट रूपमा जासुसी कारबाहीमा संलग्न रहेको र त्यसले अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लंघन गरेको बताएका छन् । संयुक्त राष्ट्रसंघका महासचिव तथा सुरक्षा परिषद्लाई पत्र लेखेर राभान्चीले इरानले युद्ध नखोजेको तर आफ्नो क्षेत्रमा गरिने दुस्मनीपूर्ण कार्य रोक्ने अधिकार इरानसँग सुरक्षित रहेको पनि बताएको छ ।

यो घटनामा इरान र अमेरिकाको मात्रै नभएर विश्व समुदायको चासो छ । रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिका र इरानबीच युद्ध भए त्यो विनाशकारी हुने र त्यसले ल्याउने परिणाम पनि भयंकर हुने चेतावनी दिएका छन् ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरजले संयमता अपनाउन आग्रह गेका छन् । अमेरिकामा प्रतिनिधि सभाकी सभामुख एवं डेमोक्रेटिक पार्टीकी नेतृ न्यान्सी पेलोसीले इरानसँग युद्धको कुनै चाह अमेरिकामा नभएको बताएकी छन् । इरानसँग तनाव बढ्नुमा अमेरिका नै दोषी देख्ने पनि छन् । राष्ट्रपति पदका लागि डेमोक्रेटिक पार्टीका आंकाक्षी तथा पूर्व उपराष्ट्रपति जो बाइडनले ट्रम्पको इरान रणनीतिलाई 'आफैंले रचना गरेको विपद्' को संज्ञा दिएका छन् । उनी बाराक ओबामाको कार्यकालमा उपराष्ट्रपति रहेका बाइडन इरानसँगको परमाणु सम्झौता रद्द गर्ने ट्रम्प प्रशासनको निर्णयको विपक्षमा थिए । अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभमा बहुमतमा रहेका डेमोक्रेटिक पार्टी इरानसँग युद्धको विपक्षमा छ । डेमोक्रेटिक पार्टीका वरिष्ठ सदस्यहरूले इरानसँग नचाहँदा नचाहँदै युद्ध सुरु हुन सक्ने अवस्थाप्रति ट्रम्पलाई सावधान रहन समेत आग्रह गरेका छन् ।

इरानले अमेरिकी ड्रोन खसालिदिएपछि ह्वाइट हाउसमा आकस्मिक बैठक आयोजना गरिएको थियो । सो बैठकमा डेमोक्रेटिक पार्टीका नेता चक सुमर पनि सहभागी थिए । उनले एक्कासि युद्ध सुरु हुन सक्ने खतराप्रति आफू चिन्तित रहेको बताए ।

इरान र अमेरिकाबीच सन् २०१५ मा करिब २ वर्ष लामो माथा पच्चिसीपछि परमाणु सम्झौता भएको थियो । ट्रम्पले त्यसलाई उल्टाए । यो सम्झौतामा इरान र अमेरिका मात्रै नभएर जर्मनी, फ्रान्स र बेलायत, चीन र रुसले समेत हस्ताक्षर गरेका थिए । तर, अहिले इरान अमेरिका दुवै यसबाट बाहिरिएपछि अस्तित्वविहीन बनेको छ । सम्झौताबाट पछि हट्ने घटना बाहिर हेर्दा अमेरिकाले जुन समस्याको समाधानका लागि दुई वर्षभन्दा लामो समय वार्ता र संवादमा खर्च गरेको थियो, त्यो बेकारजस्ता भएको छ । सम्झौताबाट पछि हट्ने निर्णय आउँदा यसका लागि लामो पहलकदमी लिने तत्कालीन अमेरिकी विदेशमन्त्री जोन केरीले भनेका थिए, 'केही वर्षअघि संसारसामु जुन चुनौती थियो, यो कदमले हामीलाई त्यही पुर्‍याइदिएको छ ।' जुलाई सन् २०१५ मा ओबामा प्रशासनसँग भएको यो सम्झौता (ज्वाइन्ट कम्प्रिहेन्सिभ प्लान अफ एक्सन)अनुसार इरानमाथि हतियार खरिद गर्न पाँच वर्षसम्म र मिसाइल प्रतिबन्धको समयसीमा आठ वर्षको बनाइएको थियो ।

बदलामा इरानले आफ्नो परमाणु कार्यक्रमको ठूलो हिस्सा बन्द गर्दै बाँकी हिस्साको निगरानी पनि अन्तर्राष्ट्रिय निरीक्षकबाट गराउन सहमत भएको थियो । अब यी सबै बन्धनबाट इरान मुक्त भइसकेको छ । ओबामाले सम्झौता हुँदा यसलाई 'बेस्ट डिल' भएको बताएका थिए ।

यो सम्झौता तोडिएर मध्यपूर्वमा हिंसाको वातावरण सिर्जना हुनु ट्रम्प प्रशासन वा इरानको दम्भजस्तो देखिए पनि यसका पछि ठूलो डिजाइन र आर्थिक स्वार्थ छ । त्यसैले अहिले यो क्षेत्रमा तनावको वातावरण सिर्जना भएको छ । सन् २०१३-१७ सम्मको आँकडा हेर्दा अमेरिकाले बेचेकामध्ये आधा हतियार मध्यपूर्वमा भित्रिएका थिए । सबैभन्दा ठूलो ग्राहक साउदी अरब हो, जो इरानको कट्टर विरोधी मानिन्छ ।

*(एजेन्सीहरुको सहयोगमा)*

# स्वर्ग मानिने कुपिन्डे ताल

सल्यान । नेपाल विश्वका मानिसले स्वर्ग भनेर कल्पना भन्दा कम छैन । यहाँ हरेक स्थानमा दुनियाँ मन्त्रमुग्ध हुने स्थानहरु छन् । यही मध्य एक हो सल्यान जिल्लाको प्रमुख पर्यटकीयस्थल कुपिन्डे ताल । यो अत्यन्तै मनोरम छ ।

यस क्षेत्रमा पाइने लोपोन्मुख वन्यजन्तु 'पानीओत' पनि निक्कै ठुलो महत्व रहेको छ । बढदो चोरी सिकारी र सरकारी निकायको बेवास्ताका कारण लोप हुँदै गएको यो बन्यजन्तु संरक्षण गर्ने हो भने यसैलाई हेर्नपनि लाखौं मानिस आउनेछन् । किनकी यो बन्यजन्तु विश्वमा नै लोप हुँदै आएको छ ।

प्राकृतिक रुपमा भरीपूर्ण र पर्यटकीय हिसावमा हेर्न लाएक स्थल हो कुपिण्डे ताल । जिल्लाको महत्वपूर्ण पर्यटकीय सम्पदाको रुपमा रहेको कुपिण्डे ताल कुपिण्डे गाविसमा पर्दछ । जिल्ला सदरमुकाम खलङ्गादेखि २४ किमि पश्चिममा पर्ने यो ताल निकै मनोरम र आकर्षक छ । चारैतिर पहाडले घेरिएको र बीचमा नीलो पानीले भरिभराउ कुपिण्डे तालले त्यहाँ पुग्ने जो कोहीलाई पनि मोहित बनाएरै पठाउँछ । वरिपरि मिलेका पहाड, हरियो जंगल र बीचमा नीलो आकाशझैं उत्तर दक्षिण फैलिएको ताल साँच्चिकै प्राकृतिक सौन्दर्यताले भरिपूर्ण पर्यटकीय स्थल हो कुपिन्डे ताल ।



वरिपरि हरियाली वन जंगल छ । जंगलमा घोरल, रतुवा, भुइचे कालिज, परेवा र तलाउमा हाँस, जलेवा पाइन्छ । वर्षेनी कुपिण्डे तालसँगै जोडिएको मन्दिरमा पूजाआजा गर्न टाढा-टाढाबाट भक्तजनहरु समेत पुग्दछन् । कुपिण्डे तालले वर्षमा तीन रङ्ग बदल्ने गर्दछ, वर्षा, हिउँद र गर्मी याममा दहले रङ्ग बदल्ने विश्वास गरिन्छ ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

Remember us for the Construction
of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

प्रेरक

## अम्मलबाट मुक्ति



आफूले ख्यालख्यालमै सुरु गरेको चुरोट र रक्सी सेवनले आफूलाई भित्रभित्रै खाइरहेको छ भन्ने उनलाई राम्रै थाहा थियो। उनी बिस्तारै कडा अम्मली भइसकेका थिए। उनी यसको लत छोड्ने प्रयास पनि गरिरहेको थिए तर, त्यसमा सफल भइरहेका थिएन्। उनले आफ्ना गुरुलाई चुरोट र रक्सी छोड्ने तरिका सिकाउन पटकपटक आग्रह गरे। एकैपटक जबर्जस्ती छाड्दा शरीरलाई हानि पनि गर्न सक्छ भन्दै गुरुले पहिले चुरोट र रक्सी सेवन कम गर्दै जान सल्लाह दिए। उनी आफ्नो बानीमा सुधार गरेर सकभर चुरोट र रक्सी सेवन घटाउँदै जान चाहन्थे तैपनि उनी सफल भएनन्।

चुरोट त उनी सेवन गर्थे नै। एक दिन उनी रक्सीसमेत सेवन गरेर घर पुगे। घर पुग्नेबित्तिकै उनकी सानी छोरी खुसीले बाबा! बाबा!! भन्दै अँगालो हाल्न आइपुगिन्। छोरी त्यसरी आएको देखेर उनी पनि खुसी भए। उनले पनि छोरीलाई अँगालोमा बेरेर काखमा राखे अनि म्वाइँ खान खोजे। तर, रक्सी र चुरोटको दुर्गन्धका कारण छोरीले आफ्नो मुख अर्कैतिर फर्काइन्।

यस घटनाले उनी निकै दुःखी भए। उनी भित्रभित्रै छट्पटिए। उनले मनमनै त्यस दिनदेखि रक्सी र चुरोट सेवन जसरी भए पनि त्याग्ने अठोट गरे। केही दिनको कठोर संयमपछि उनी त्यसमा सफल पनि भए। त्यस दिनदेखि उनले कहिल्यै रक्सी र चुरोट सेवन गरेनन्। उनी अरू कोही नभई बलिउड सिने जगत्का विख्यात निर्देशक महेश भट्ट थिए भने ती सानी छोरी चर्चित नायिका पूजा भट्ट थिइन्।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ। रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ। समय फुर्सदिलो रहनाले रमाइलो भेटघाट गर्ने अवसर प्राप्त हुनेछ। प्रतिष्ठा, मान-सम्मान आदि पाइनेछ। काममा साथ दिनेहरू बढ्नेछन्। प्रेम र मित्रताको बन्धन कसिनेछ। पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द समेत प्राप्त हुनेछ।

### बृष

सोख र मनोरञ्जनले खर्च बढाउनेछ। आशा देखाउनेहरूको भरपर्दा धोका पाइएला। परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ। फाइदाका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ। अवसरवादीहरूबाट विशेष सजग रहनुहोला। आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ। नाम र दामका लागि गरिएको प्रयास अपूर्ण देखिए पनि यात्राको प्रक्रिया अघि बढ्नेछ।

### मिथुन

नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ। आम्दानी बढ्नाले दैनिकीमा पनि परिवर्तन आउन सक्छ।

### कर्कट

तारिफयोग्य कामले चर्चामा ल्याउन सक्छ। प्रतिष्ठित व्यक्तिहरूको सहयोग जुट्नाले सजिलै लक्ष्य प्राप्ति हुनेछ। पुरानो मित्रताले प्रेममार्ग अवलम्बन गर्न सक्छ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने मौका छ। सोखले थलिएको काम व्यवसायमा रूपान्तरित हुनेछ। मेहनतीहरूलाई कार्यसिद्धिको समय छ। कर्मयोगले नाम र दाम दिलाउनेछ।

### सिंह

श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य कम मात्र पाइएला। आफ्नो क्षेत्रमा अरूले हस्तक्षेप गर्न सक्छन्। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। जीवनशैली व्यस्त रहनेछ र उपलब्धिविहीन काममा समय बित्न सक्छ। तापनि, गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ। मिहिनेत गर्दा उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। काम रोकिए पनि दिगो योजना बन्नेछ।

### कन्या

सानातिना समस्याले केही अप्ठ्यारो परिस्थिति सिर्जना हुन सक्छ। स्वास्थ्य पनि अलि कमजोर रहनेछ। चुनौतीपूर्ण कामको जिम्मेवारी आए पनि बुद्धि-विवेकले काम सम्पादन गर्न सकिनेछ। अप्ठ्यारा परिस्थिति देखिए पनि समस्या दर्साउँदा सहयोगीहरूको साथ प्राप्त हुनेछ। काम पूर्ण नभए पनि प्रयत्न गर्दा आंशिक लाभ अवश्यै हुनेछ। अध्ययनमा त्यति समय दिन नसकिएला।

### तुला

सुन्दर पहिरन, आकर्षक व्यक्तित्व वा तारिफयोग्य कामले चर्चित भइनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। घुमफिर तथा मनोरञ्जनको समय छ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ। अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ। आलोचकहरूबाट सजग रहनुहोला।

### बृश्चिक

शत्रुहरू स्वतः किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ। स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ। मिहिनेतले प्रशस्त फाइदा दिलाउनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ। व्यापारलगायत दिगो आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ।

### धनु

अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्नेछ। प्रतीक्षा गरिएको नतिजा कमजोर देखिनेछ। सहयोगीहरूले साथ दिन छाड्नेछन् भने प्रगतिमा ईर्ष्या गर्नेहरूले दुस्ख दिनेछन्। अस्वस्थताले कमजोर महसुस हुनेछ। तापनि शुभचिन्तकहरूले साथ दिनेछन्। अध्ययनमा गुरुजनको मार्गदर्शन अवलम्बन गर्दा फाइदा हुनेछ। मिहिनेतले काम बनाउन सकिनेछ।

### मकर

नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउन सक्छ। अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला। बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पर्न सक्छ। निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले सजग रहनुपर्ला। महत्त्वाकांक्षी योजना सार्वजनिक नगर्नुहोला। हिस्सेदारसँग असमझदारी बढ्ने हुँदा पहिलेको सम्झौता भंग हुन सक्छ।

### कुम्भ

छोटो समयमा विशेष उपलब्धि हातलागी हुनेछ। विभिन्न स्रोत(साधन प्राप्त हुनेछन् भने गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। नगद जुट्नाले दैनिकीमा परिवर्तन आउला। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ। नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ।

### मीन

आत्मविश्वासको कमीले काममा पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुस्ख पाइनेछ। खर्च हुने डरले सताउन सक्छ। वादविवादबाट टाढा रहनुहोला। अर्थ अभावले पनि काममा बाधा पुग्नेछ। आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुर्याउनुहोला। ईर्ष्या गर्नेहरूबाट जोगिएर काम लिनुहोला, आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउनेछ।

## 'सप्तरंग २'मा राजेश हमालदेखि मेलिना राईसम्म

सप्तरंग खासमा एक सांगीतिक यात्रा हो। अघिल्लो बर्ष सुरु भएको 'सप्तरंग म्युजिकल जर्नी'ले देशभर फन्को मार्नेछ। गायन, नृत्य, प्रहसनसहितको यो यात्रा मुलतः देशका सात प्रदेशको प्रतिनिधित्व गर्दै नाच्ने र गाउनेछ। यी सबैमा अलग(अलग सात कलाकर्मीले अगुवाई गर्नेछन्। अघिल्लो बर्ष रामकृष्ण ढकाल, पशुपति शर्मा, प्रमोद खरेल, इन्दिरा जोशी, सन्दीप क्षेत्री, दीपक विष्ट र अन्जली अधिकारी सामेल थिए। यसपालीको सूची फरक छ। यसपाली अभिनेता राजेश हमाल, गायिका मेलिना राई, गायक सुगम पोखरेल, हिमाल सागर, प्रकास सपूत, रवि ओड र जितु नेपाल सहभागी हुनेछन्। कार्यक्रमको मेलोमेसो गृष्मा ब्रोडकास्टिङले मिलाएको हो। कार्यक्रम हुने स्थानबारे पत्रकार सम्मेलनमार्फत जानकारी गराउने गृष्मा ब्रोडकाष्टिङले जनाएको छ।

## 'सानो मन' अर्को हप्ता

अभिनेता आयुष्मान देशराज जोशी र अभिनेत्री शिल्पा मास्के स्टारर फिल्म 'सानो मन' पूर्वघोषित मितिमा प्रदर्शन नहुने भएको छ। फिल्म एकहप्ता पछाडि सरेको छ। असार २० मा आउने निश्चित भएको यो फिल्म प्राविधिक पाटोमा काम गर्न समय अपुग भएपछि एकहप्ता पछि सरेको हो। अब, असार २७ गतेबाट फिल्म देशभर प्रदर्शनमा आउनेछ।

फिल्मको रिलिज डेट पोन्टपोन्ड हुनुको कारणबारे जानकारी दिँदै निर्माता राजेन्द्र मानन्धरले भने- 'हतारमा नराम्रो फिल्म रिलिज गर्नुभन्दा प्राविधिक सुधार गरी एकहप्ता ढिलो आउन लागेका हौँ।' सुयोग गुरुङको डेब्यू निर्देशनमा निर्माण भएको फिल्ममा सक्षम सुवेदी, गौरी मल्ल, विशाल पहारी, शिशिर वाङदेल, रश्मी भट्टलगायतका कलाकारहरुको पनि अभिनय छ। ओ.पि.जी फिल्मस्, ए प्लस इन्टरटेन्मेन्ट र हाई टेक इन्टरटेन्मेन्टको संयुक्त ब्यानरमा यो फिल्म निर्माण भएको हो। सुयोग गुरुङ र मिलन श्रेष्ठको सम्पादन रहेको फिल्मको भिएफएक्स नगेश कँडेलले गरेका छन्। समिर सुनवार र निर्देशक गुरुङको संयुक्त लेखन रहेको यस चलचित्रलाई आलोक शुक्लाले छायांकन गरेका छन्।

## "साङ्लो" प्याकअप चाँडै

'एक्सन स्टार' विराज भट्टले निर्देशनमा डेब्यू गरेको फिल्म 'साङ्लो' को सम्पूर्ण छायांकन क्यामेरा 'अन' भएको ५० दिनमा सकिएको छ। डोटीबाट फिल्मको छायांकन सुरु भएको थियो। काठमाडौंमा केही सिन खिच्दै फिल्म प्याकअप भएको हो। अब, केही महिना फिल्म सम्पादनको टेवुलमा रहनेछ। फिल्मलाई भदौमा रिलिज गर्ने सोचमा विराज छन्।

किड्नी तस्करीको कथा बोल्ने बताइएको फिल्ममा विराज स्वयंको प्रमुख भूमिका छ। उनले पूर्व मिस नेपाल निकिता चाण्डकसँग रोमान्स गरेकी छन्। केही हप्ता अगाडि डोटीको जोरायल गाउँपालिकाले विकास निर्माणको बजेटबाट १० लाख छुट्याएपछि यो फिल्म विवादमा तानिएको छ। यसअघि पनि विराजले प्राविधिक कुटेपछि फिल्म विवादमा घेरिएको थियो।

विराजले करीब ३ वर्षदेखि नेपाली फिल्ममा कमब्याक गर्दैछन्। उनी अभिनीत पछिल्लो फिल्म 'जय परशुराम' हो। 'साङ्लो' मा प्रकाश शाह नेगेटिभ रोलमा छन्। यसअघि फिल्म 'लभ स्टेशन' मा उनले अभिनय गरेका थिए। मानकृष्ण महर्जन छायाँकार रहेको फिल्ममा कामेश्वर चौरासिया, जयनन्द लामा, आर.पि. पन्तलगायतका कलाकारहरुको पनि अभिनय छ।

फिल्ममा विराज र निकिता प्रेम(प्रेमिका हुँदै श्रीमान(श्रीमतिको भूमिकामा देखिने जानकारी प्राप्त छ। यस फिल्मलाई लिएर निकिता निकै उत्साहित छिन्। यसअघि उनले फिल्म 'रानी महल' साइन गरेकी थिइन्। तर, आधा छायांकन नसकिँदै अब कहिल्यै नबन्ने गरि फिल्म थन्कियो। यसपछि उनी 'साङ्लो' मा जोडिइन्। दर्शकलाई यो फिल्मको व्यग्र प्रतिक्षा छ।

## सुदूरपश्चिममा "राष्ट्रिय संगीत महोत्सव"

नेपाली संगीतको प्रवर्द्धन तथा संरक्षण गर्ने लक्ष्यका साथ महोत्सव गरिएको छ। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजना तथा सुप इन्टरटेन्टमेन्ट प्रालि धनगढीको सहआयोजनामा सुदूरपश्चिम प्रदेशको राजधानी धनगढीमा 'राष्ट्रिय संगीत महोत्सव' गरिएको हो।

सातवटै प्रदेशका कलाकारले भाग लिएको उक्त महोत्सवको सुदूरपश्चिम प्रदेश सरकारका सामाजिक विकासमन्त्री कृष्ण सुवेदीले उद्घाटन गर्दै सुदूरपश्चिम प्रदेशमा संगीत महोत्सव पहिलोपटक भएको बताए। उनले भने, 'भाषा, साहित्य, कला तथा संस्कृतिको विकास र समृद्धिका लागि प्रदेश सरकारले प्रदेश प्रज्ञा-प्रतिष्ठान गठन गर्दैछ।'

संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ 'रायन' ले प्रज्ञा-प्रतिष्ठानका गतिविधिलाई बढीभन्दा बढी गाउँबस्तीमा लैजाने उद्देश्यले देशका विभिन्न स्थानमा कार्यक्रम आयोजना गर्ने गरिएको बताउँदै भने, 'यो कार्यक्रम त्यसैको सिलसिला स्वरूप गरिएको हो।'

प्रतिष्ठानका संगीत विभाग प्रमुख तथा महोत्सव संयोजक प्राज्ञ अशोक राईले कार्यक्रम अन्यत्रका महोत्सवभन्दा पृथक रहेको जिकिर गरे। उनले भने, 'राज्यले सुदूरपश्चिमलाई विभेदका आँखाले हेरिरहेको भन्ने जनगुनासा आइरहेका वेला हामीले यस ठाउँलाई रोजेका छौँ। यो महोत्सव यसकारण पनि अर्थपूर्ण छ कि हामीले राष्ट्रिय भावधारा, मानवीय चेतना र सामाजिक मूल्यमान्यतामा आधारित गीत-संगीतलाई महोत्सवका लागि चयन गरेका छौँ।'

कार्यक्रममा जनसांस्कृतिक महासंघका अध्यक्ष खगेन्द्र राई, सांसद रतन थापा, सांसद पूर्णा जोशी, धनगढी उप-महानगरपालिका प्रमुख नृपबहादुर बडु, महोत्सवका स्थानीय संयोजक भुवन रिजालले धनगढीमा महोत्सव आयोजना गरेर प्रतिष्ठानले प्रदेशस्तरमै ऊर्जा सञ्चार गरेको विचार व्यक्त गरे।

विविध सांस्कृतिक झाँकीसहित आरम्भ भएको महोत्सवमा प्रदेश १ बाट सञ्जय तुम्रोक, २ बाट विश्वनाथ झा, आकाश थापा, ३ बाट लक्ष्मी गुरुङ, गण्डकीबाट सन्तोष बस्याल, ५ बाट विपिन घिमिरे, कर्णालीबाट जीवन बडु, कृष्ण सिराडी, संगीता चौधरी, ध्वज महरा, मन्जु महता, नीरज विक, सुशीला बुढाथोकी र डिल्लीराज पन्तले गीत प्रस्तुत गरेका थिए। अतिथि कलाकारका रूपमा जीवन शर्मा र लोचन भट्टराईले सांगीतिक प्रस्तुति दिएका थिए।

महोत्सवको दोस्रो दिन 'नेपाली गीत-संगीतमा सुदूरपश्चिमको योगदान' विषयमा संगीत विमर्श आयोजना गरिएको थियो। कार्यक्रममा संगीत अन्वेषक हेमन्त विवशले गरेको कार्यपत्रमाथि डा. पुष्करराज भट्टले टिप्पणी गरे।

## "मनकाशी" को छायांकन पूरा

पर्यटकीय जिल्लाका रूपमा परिचित लमजुङमा खिचिएको गुरुङ चलचित्र मनकाशी (मनको कान्छी) को छायांकन सम्पन्न भएको छ। गएको १७ जेठदेखि चलचित्रको छायांकन सुरू गरी ६ असारमा सुटिङको सबै काम सकिएको निर्माण पक्षले जनाएको छ।

गुरुङ भाषा, संस्कृति र होमस्टे (घरवास कार्यक्रम) लाई मुख्य विषयवस्तु बनाएर चलचित्र निर्माण गरिएको निर्माता प्रितम गुरुङले बताए। उनले भने, 'गुरुङ भाषा, संस्कृतिलाई मात्रै नभई पछिल्लो समयमा गुरुङ बस्तीतिर होमस्टे (घरवास कार्यक्रम) सञ्चालन बढी भएकाले होमस्टे सञ्चालकहरूको अवस्था कस्तो छ, फाइदा बेफाइदाको विषयलाई उठाउन खोजिएको हो।'

गुरुङबस्तीमा सञ्चालनमा आएका होमस्टेसँगै यहाँका कला, संस्कृति, भाषा तथा सामाजिक जनजीवनमा आएको सुधारको विषयलाई चलचित्रमा उधिनिएको छ। होमस्टेमा आउने पर्यटक तथा पाहुना एकै प्रकारका हुँदैनन्, विभिन्न घटनाहरू घट्ने गरेका छन्। यस चलचित्रले होमस्टेका सञ्चालकहरू सतर्क रहनुपर्छ भन्ने सन्देश दिन खोजिएको चलचित्रका नायक विष्णु गुरुङले बताए।

जिल्लाको मर्स्याङ्दी गाउँपालिका-३ ढगैँ, हसिङडाँडा र बैँसीसहर नगरपालिकामा छायांकन गरिएको यस चलचित्रमा गुरुङ नायक विष्णु, अनुता गुरुङ, डिबी गुरुङ, आइतराम गुरुङ, टीकाराम घले, वीरमाया गुरुङ लगायतका कलाकार मुख्य भूमिका रहेको छ। यस चलचित्रलाई खेम थापामगरले छायांकन गरेका हुन् भने नृत्य निर्देशन सन्तोषी गुरुङले गरेकी छन्। चलचित्रमा निर्मातासमेत रहेका गुरुङले नै लेखक/निर्देशन गरेका हुन्। करिब १५ लाख लागतमा छायांकन सम्पन्न भएको र बाँकी 'डबिङ' र 'मिक्सिङ' काम सम्पन्न गर्न अनुमानित १० लाख रूपैयाँमा थप गर्दा कूल २५ लाखमा चलचित्र निर्माण हुने निर्माता गुरुङले जानकारी दिए।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Avow = खुलस्त पार्नु, Sita avowed that she never intended to have immoral relation with someone's husband (सीताले कहिले पनि आफूले अर्काको श्रीमानसँग अनैतिक सम्बन्ध राख्न इच्छा नगरेको खुलस्त पारिन)

Blighted = प्रभावित वा ग्रस्त The rescue team could see the flood blighted area by the air उद्धार टोलीले बाढीग्रस्त क्षेत्रको हवाइजहाजबाट मात्र अवलोकन गर्न सक्यो)

Cumbersome = झन्झटिलो He is always burdened down with cumbersome matters (ऊ सधैं झन्झटिलो कुराहरूको बोझले थिचिएको छ)

Divest = अधिकार वा मद्दालसमान विहिन बनाउनु The king divest the prime-minister of his power unconstitutionally (राजाले असंवैधानिक किसिमबाट प्रधानमन्त्रीलाई अधिकारविहिन बनाए)

Expurgate = केही अंश निकाल्नु The editor expurgated the aggressive portions from the book (सम्पादकले किताबबाट उत्तेजक अंश हटाइदिए)

Fraudulent = भ्रम पार्ने किसिमको Fraudulent advertisement should not be allowed in state run media (राज्यबाट संचालित आम संचारका माध्यमहरूमा भ्रम पार्ने किसिमका विज्ञापनहरूलाई अनुमति दिनु हुँदैन)

Glutton = खंचुवा Mother tends to call the baby a glutton when baby eats too much (जब बच्चाले चाहिनेभन्दा बढी खान्छ तब आमाले उसलाई खन्चुवा भनेर बोलाउँछिन)

Hazy = धुम्म परेको (स्पष्ट नदेखिने) In a hazy weather, landing a plane is always difficult (धुम्म परेको मौसममा विमानलाई अवतरण गराउन गाह्रो हुन्छ)

Headlong = बलपूर्वक र हतपतमा He made a headlong entrance into my room (ऊ बलपूर्वक हतपत गरी मेरो कोठामा पस्यो)

Invective = दुर्वचन He had expected criticism of his article but not the invective (उस्ले आफ्नो लेखमाथि टिप्पणीको अपेक्षा गरेको थियो दुर्वचनको थिएन)

## Get बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Get somebody out = निलम्वन गर्नु The club got him out for two years, क्लवले उस्लाई दुई वर्षको लागि निलम्वन गऱ्यो ।

Get something out = प्रकाशन गर्नु This year the publisher did not get the new edition of the dictionary out प्रकाशकले यो वर्ष शब्दकोषको नया संस्करण छापेन ।

Get out of something वाहिर आउनु He could not get out of that complicated situation उ त्यो जटिल अवस्थाबाट वाहिर आउनै सकेन ।

Get out of doing something = छोडनु She could not get out drinking alcohl तिन्ले रक्सि छाड्न सकिनन् ।

Get something out of somebody = कसैबाट पाउनु Getting money out of him is not so easy उस्बाट पैशा पाउन सजिलो छैन ।

Get something out of something = केहिबाट केही पाउनु One gets every time some knowledge ouf of his lecture उस्को लेक्चरबाट हरेक पटक केहि न केहि नया कुरा पाइन्छ ।

Get over something = निको हुनु Finally he got over and started working अन्त्यमा उ निको भई काम शुरु गर्न लाग्यो ।

Get something over to somebody = कसैलाई केहिकुरा स्पष्ट पार्नु He could easily get over the objective of his organization to his staff उस्ले आफनो संगठनको उध्देश्य आफना कर्मचारीहरुलाई स्पष्ट पाऱ्यो ।

Get something over with = संम्पन्न गर्नु We are glad to get the exam over with परिक्षा सम्पन्न गर्न पाएकोमा हामी खुसी छौ ।

Get around somebody = पछि लाग्नु As long as he had no job he was getting arounf my father काम नपाउञ्जेल उ मेरो वावुको पछिलागि रहेको थियो ।

## सुडोकु-अंक १५७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | | | ३ | | | | | |
| | | ३ | | ४ | ७ | ९ | | |
| ९ | | | | | १ | | ४ | |
| | | ५ | ४ | | | | | ९ |
| | ६ | | | | | | १ | |
| ७ | | | | | ५ | ८ | | |
| | १ | | ९ | | | | | ५ |
| | | २ | ५ | १ | | ६ | | |
| | | | | | ६ | | | २ |

## अंक १५६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ६ | २ | ७ | १ | ९ | ४ | ५ | ३ |
| ५ | ३ | १ | ४ | ८ | ६ | ७ | २ | ९ |
| ७ | ९ | ४ | २ | ५ | ३ | ६ | १ | ८ |
| ९ | ५ | ३ | ६ | ४ | १ | ८ | २ | ७ |
| २ | १ | ८ | ९ | ३ | ७ | ५ | ४ | ६ |
| ६ | ४ | ७ | ५ | २ | ८ | ९ | ३ | १ |
| १ | २ | ९ | ८ | ७ | ४ | ३ | ६ | ५ |
| ४ | ७ | ५ | ३ | ६ | २ | १ | ८ | ९ |
| ३ | ८ | ६ | १ | ९ | ५ | २ | ७ | ४ |

# शब्दचित्रमा सुष्मा श्रेष्ठ वज्राचार्य

Name : Sushma Shrestha Bajracharya
Nationality : Nepali
Gender : Female

**Contact Address**
Ek Danta Marg 131-54
Min Bhawan, New Baneshwar, Kathmandu, Nepal
Phone: +977 9851105224 (mobile)
+9771 4106658 (residence)
Email: sushma.bajracharya@gmail.com

**Education** Masters in Buddhism, Lumbini Buddhist University, Nepal
Masters in Agriculture, University of Hohenheim, Stuttgart, Germany, 1986.

**Major Subjects**:
Rural Extension
Agronomy Agricultural Economics and Social Sciences Plant Production in the Tropics and Sub-tropics Soil Sciences Plant Nutrition

**Languages** Fluent in Nepali, Newari, Hindi, English, German, basic Tamil

**Medals and Rewards** Nepal Vidhya Bhushan for Topping the Lumbini Buddhist Universty in Masters of Theravada Buddhism
Two Gold Medals: Aishwarya Vidhys Padak and Tika Laxmi Padak for standing first in the national level
Bachelor of Sciences Scholarship from German Academic Exchange Service (DAAD) for higher studies in Germany

**Worked in** Nepal, Sri Lanka, East Timor, Bhutan, China, Bangladesh

**Social Engagement** Current President of LUMANTI
Executive Member of Nepal German Academic Association
Executive Member of Buddhist Women's Association of Nepal

**Professional Experiences**

**Management**

Since 1997, I have worked in leading management positions with different GTZ/GIZ supported projects in Nepal, Sri Lanka and East Timor, as follows:

- Team Leader to the NGO Fund project supported by GTZ from 1997 to 2004
- Team Leader to the Improvement of the Situation of Child Laborers from 2004 to 2006
- From 2002 to 2004, I had the function of Deputy Team Leader of the Rural Development Programme Nepal, supported by GTZ
- Component Head of the Social Mobilization and Conflict Transformation with Food Security and Conflict Transformation Project supported by GTZ in Sri Lanka from April 2006 to December 2008
- Component Head of the Social and Organizational Development and Conflict Transformation of the Merged Projects (Rehabilitation of Economic, Physical and Social Infrastructure, Food security and Conflict Transformation and Northern Rehabilitation Project from January 2008 to December 2008
- Technical Advisor to the National Dialogue Component of the EU funded project in East Timor from November 2006 to May 2007
- Deputy Chief Technical Advisor to the GIZ supported Project "Support of Measures to Strengthen Peace Process (STPP)" since 2009 to June 2014.
- Senior Consultant for Community Development with GDC supported Recovery Programme Nepal from June 2015 till February 2018
- Senior Consultant for Municipal Capacity Development Programme with EU funded NEARR Facility Programme implemented by GFA from January 2018.

In all these cases, I have been responsible for personnel as well as financial management and the management of the implementation.

**Civil Society Sector Development**

Since the beginning of my carrier, I have been involved in the field of Civil Society Sector Development and social empowerment at various levels. The focus of my work has been always on inclusion of the socially excluded section of the societies. I have experiences of capacitating the civil society sector at micro, meso and macro level in Nepal, Sri Lanka and East Timor.

**Conflict Transformation, Peace Building and Security**

Since 1999, I have been working in the field of Conflict transformation and peace building in GTZ-Nepal. AS a focal person…Further, I have experience of working in Sri Lanka and East Timor in this field. In 2009, I joined GIZ supported "Support of Measures to Strengthen Peace Process (STPP)" as Technical Team Leader with Deputy function to the Programme Coordinator. In this function, I am fully responsible for the implementation of the activities including budget management. The project currently works towards social and economic reintegration of the ex-combatants into societies focusing on dialogue and reconciliation processes. Focus of my work in all those projects and countries has been post conflict rehabilitation, reintegration and reconciliation processes through enhancing local capacities for peace. In Sri Lanka and East Timor, I had worked also in the field of security and access to justice.

**Gender Equality and Social Inclusion (GESI)**

In 1995, I started my work as the first gender coordinator of GTZ ensuring gender mainstreaming in all GTZ supported projects and partner organizations. Since then, in all my functions, I have assumed the responsibility of gender mainstreaming and social inclusion aiming towards not only gender responsive, but gender transformative programmes and projects. I have participated in various GESI analyses and also contributed in production of strategy paper on GESI for different projects and organisations. I have designed and conducted GESI training to project and partner staff as well as to the community members. My current project, Support of Measures to Strengthen Peace Process STPP) worked since 2007 in the cantonments, where the ex-combatants lived until beginning of 2012. Currently it works on social and economic reintegration of the Maoist ex-combatants into civilian lives. We work both with the ex-combatants as well as other community members focusing on gender dimensions of transition from military to civilian life. In March 2014, STPP's entry, named "**A Generation's Dream of Transformation Comes True"** showing transformation of gender roles in STPP working areas came on top ten in the international gender competition organized worldwide by GIZ.

**Governance**

